# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक २११ | काठमाडौं | बुधबार, १२ मंसिर २०८१ | Prabhab National Daily | Wednesday, November 27, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७र९७६१८१५४०००र
९८४११५१२१७र९८४१२४६२६९
marketing2prabhab@gmail.com




सडक निर्माण कार्य अलपत्र पारेर निर्माण व्यवसायी सम्पर्कविहीन भएपछि सडक कालोपत्रे छिटो गर्न माग राख्दै कञ्चनपुरको दक्षिणी क्षेत्र जोड्ने कलुवापुर–बेलौरी सडकखण्डको दुलहनियामा मंगलबार सडक अवरोध गरेर बसेका स्थानीयवासी । *तस्बिरः राजेन्द्रप्रसाद पनेरु/रासस*

### सातौं वर्षमा सामाजिक सुरक्षा कोष

# करिब १८ लाख आबद्ध कोषमा ६८ अर्ब बचत

- १७ लाख ९४ हजार श्रमिक सामाजिक सुरक्षा कोषमा आबद्ध
- कोषमा औपचारिक, अनौपचारिक र वैदेशिक रोजगारीमा जाने श्रमिक आबद्ध
- योगदानकर्ताबाट ६८ अर्ब ६८ करोड रुपैयाँ संकलन
- एक अर्ब ४८ करोड १९ लाख रुपैयाँ भुक्तानी

**■ जेबी योञ्जन**

**काठमाडौं–** योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा योगदानकर्ताहरूको संख्या उत्साहजनकरूपमा बढिरहेको पाइएको छ । ११ मंसिर २०७५ मा सुरु गरिएको सामाजिक सुरक्षा योजनाअन्तर्गत हालसम्म आन्तरिक र वैदेशिक रोजगारीमा रहेका १७ लाख ९४ हजार श्रमिक कोषमा आबद्ध भएका छन् ।

आन्तरिक श्रमबजारमा रहेका १९ हजार ७६७ रोजगारदाताले पाँच लाख ४३ हजार ३८८ श्रमिकलाई कोषमा आबद्ध गराएको कोषका कार्यकारी अधिकृत कविराज अधिकारीले बताए । उनका अनुसार बागमती प्रदेशमा १३ हजार ५३० रोजगारदातामार्फत सर्वाधिक चार लाख १३ हजार ८६२ योगदानकर्ता कोषमा आबद्ध भएका हुन् । बागमतीपछि कोशीमा दुई हजार ९६ रोजगारदातामार्फत ५६ हजार ६६८ योगदानकर्ता आबद्ध छन् । लुम्बिनी प्रदेशमा एक हजार ६३१ रोजगारदातामार्फत १९ हजार ३४५ योगदानकर्ता, मधेस प्रदेशमा एक हजार छ रोजगारदातामार्फत २७ हजार ८२ योगदानकर्ता, गण्डकीमा ९५० रोजगारदातामार्फत क्रमशः पृष्ठ ५ मा



### ‘कोषलाई अझ बृहत्तर र परिपूर्ण बनाइन्छ’

दोस्रोपटक आफू प्रधानमन्त्री भएका बेला अघि सारेको सामाजिक सुरक्षा कोष योजनालाई अझ बृहत्तर र परिपूर्ण बनाउने प्रधानमन्त्री केपी शर्मा ओलीले घोषणा गरेका छन् । सरकार नै जनताको अभिभावक हुने अभिप्रायले सामाजिक सुरक्षा योजना कार्यान्वयनमा ल्याएको भन्दै अब कोही पनि अनाथ नहुने बताए ।

क्रमशः पृष्ठ ५ मा

### डेडिकेटेड–ट्रंक लाइन महसुल विवाद

# उद्योगीकै पक्षमा नियमन आयोग

- प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले बक्यौता नतिरे १५ दिनभित्र फेरि लाइन काट्ने चेतावनी दिएका थिए
- लाइन काट्ने दिन नजिकिएसँगै विद्युत् नियमन आयोगले तत्काल सबै विषय यथावत् राख्न प्राधिकरणलाई निर्देशन दिएको छ
- सरकारले कुलमानमाथि छानबिन गर्न पूर्वन्यायाधीश हरिकुमार पोखरेलको संयोजकत्वमा न्यायिक समिति गठन गरिसकेको छ । पोखरेलले भने आफ्नो व्यस्तता देखाउँदै समितिमा काम नगर्ने जनाएका छन् ।




**■ प्रभाव संवाददाता**

**काठमाडौं–** विद्युत् खपत गरेबापत विभिन्न उद्योगीले नेपाल विद्युत् प्राधिकरणलाई तिर्नुपर्ने बक्यौता छ अर्ब ६० करोड रूपैयाँ छ । सर्वसाधारणले न्यूनतम महसुल नतिरे प्राधिकरणले ६० दिनको म्याद दिएर लाइन नै काटिदिन्छ ।

तर सरकारले बक्यौता उठाउन बाँकी उद्योगको लाइन नकाट्न निर्देशन दिएको छ । सरकारकै दबाब थेग्न नसकेपछि कात्तिक २८ गते प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले बक्यौता नतिरे १५ दिनभित्र फेरि लाइन काट्ने चेतावनी दिएका थिए । लाइन काट्ने दिन नजिकिएसँगै विद्युत् नियमन आयोगले तत्काल सबै विषय यथावत् राख्न प्राधिकरणलाई निर्देशन दिएको हो ।

‘समितिले प्रतिवेदन बुझाएर सरकारले निर्णय नगरेसम्म लाइन नकाट्न विद्युत् नियमन आयोग ऐन, २०७४ को दफा ३७ बमोजिम निर्देशन जारी गरिएको छ,’ आयोगले मंगलबार प्राधिकरणलाई पठाएको पत्रमा भनिएको छ । ऊर्जामन्त्री दीपक खड्काको निर्देशनमा मंगलबार आयोगले प्राधिकरणलाई पत्र पठाउँदै लाइन नकाट्न निर्देशन दिएको हो । आयोगको निर्देशनलाई मान्नुपर्ने कानुनी बाध्यता प्राधिकरणलाई छ ।

सरकारको निशानामा प्राधिकरणका कार्यकारी निर्देशक घिसिङ परेसँगै ऊर्जामन्त्रीको दबाबमा उक्त पत्र पठाइएको बताइएको छ । सरकारले लाल आयोगको प्रतिवेदन सार्वजनिक गरेसँगै पूर्वन्यायाधीश हरिकुमार पोखरेलको संयोजकत्वमा प्राविधिक समिति गठन गरेको थियो । उक्त समितिको प्रतिवेदन नआई बक्यौता उठाउने विषयमाबाहेक अरु सबै विषय यथास्थितिमा राख्न प्राधिकरणलाई निर्देशन दिएको आयोगका अध्यक्ष डा. रामप्रसाद धितालले बताए ।

उनका अनुसार मन्त्रिपरिषद्ले जाँचबुझ समिति बनाएकाले त्यसको प्रतिवेदन नआउँदासम्म अन्य निर्णय नगर्न भनिएको हो ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# श्रम स्वीकृति लिनमात्रै सामाजिक सुरक्षा कोषमा योगदान

- विदेशमा रहेका श्रमिकबाट अपेक्षित योगदान नआएको सामाजिक सुरक्षा कोषको भनाइ
- योगदान अनिवार्य र निरन्तरता गराउन कडाइ गर्ने सरकारको तयारी
- श्रममन्त्री भन्छन्– वैदेशिक रोजगारीमा रहेका श्रमिकबाट योगदान पुग्न नसकेकोप्रति सरकार गम्भीर छ

**■ प्रभाव संवाददाता**

**काठमाडौं–** वैदेशिक रोजगारीमा रहेका नेपाली श्रमिकहरूलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने सरकारको योजना औपचारिकतामा मात्र सीमित भएको पाइएको छ । विदेशमा कार्यरत श्रमिकहरूलाई कोषमा जोड्न विभिन्न योजना अघि सारे पनि हालसम्म श्रम स्वीकृतिका लागि औपचारिकता पूरा गर्नमै सीमित हुन पुगेको देखिएको हो ।

श्रम स्वीकृतिका लागि कोषमा एकपटक योगदान गरेका अधिकांशले निरन्तरता नदिएपछि सरकारले यसमा कडाइ गर्ने तयारी गरेको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारी स्वयंले वैदेशिक रोजगारीमा जाने श्रमिकलाई श्रम स्वीकृति लिनमात्रै कोषमा आबद्ध हुनुपरेको हो कि भन्ने भान पर्न गएको बताएका छन् । मंगलबार सातौं सामाजिक सुरक्षा दिवसका अवसर पारेर राजधानीमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा मन्त्री भण्डारीले उक्त कुरा बताएका हुन् ।




उनले वैदेशिक रोजगारीमा रहेका श्रमिकहरूबाट सामाजिक सुरक्षा कोषमा योगदान पुग्न नसकेकोप्रति सरकार गम्भीर भएको बताए । ‘वैदेशिक रोजगारमा जानेहरूबाट सामाजिक सुरक्षा योजनामा योगदान पुग्न नसकेकोप्रति सबैतिरबाट प्रश्न उठेको छ,’ मन्त्री भण्डारीले भने, ‘वैदेशिक रोजगारीका पक्षमा उठेका सवालहरूमा आवश्यक अध्ययन गरेर उपयुक्त विधि निर्माण गर्ने तयारीमा लागेका छौं ।’

वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिकहरूलाई सामाजिक सुरक्षाको हकको आधारमा योगदान गर्न सरकारले प्रेरित गरिरहेको मन्त्री भण्डारीले बताए । वैदेशिक रोजगारीमा गएका नेपालीहरूले पठाएको रेमिटयान्सबाट मुलुकको कूल गार्हस्थ उत्पादन (जिडिपी)मा ३० प्रतिशत योगदान दिएको उल्लेख गरिरहँदा विदेशमा उनीहरूको अवस्था कसरी बितिरहेको छ त्यसको ख्याल गर्न नसकिएको उनको भनाइ छ । ‘अहिले वैदेशिक रोजगारीमा जाने श्रमिकहरू दुईवटा ट्र्यापमा परेका छन्, जसमा ‘डेप्थ ट्र्याप’ र ‘डेथ ट्र्याप’ भनेर हामीले छुट्याएका छौं,’ मन्त्री भण्डारीले भने ।

वैदेशिक रोजगारीमा जाने श्रमिकहरूलाई बैंकमार्फत ऋण उपलब्ध गराउन नसक्दा मिटरब्याजमा साहुसँग ऋण लिएर विदेसिनुपर्ने अवस्था छ, यसलाई ‘डेप्थ ट्र्यापको रूपमा व्याख्या गरिएको मन्त्री भण्डारीले बताए । मन्त्री भण्डारीले रोजगारीमा गएकाहरू बाकसमा फर्किनुपर्ने पीडादायी अवस्था सिर्जना हुनुले प्रश्न उठेको बताए ।

यी दुईटा विषयले गम्भीर अवस्था सिर्जना गरेका कारण अहिलेको सरकारले त्यसबाट मुक्त गराउनेगरी काम गरिरहेको उनले बताए ।

क्रमशः पृष्ठ २ मा




## पृष्ठ १ बाट क्रमशः

### उद्योगीकै पक्षमा...

'बक्यौता उठाउने कुरामा सम्झौता हुँदैन । स्पष्टरूपमा उठाउने भनेका छौं । बाँकी कुरा यथास्थितिमा राख्न भनिएको हो,' धितालले भने । उक्त समितिका संयोजक पोखरेलले भने आफ्नो व्यस्तता देखाउँदै काम नगर्ने जनाएका छन् । आफ्नो सहमतिविना समिति गठन गरेको उल्लेख गर्दै पोखरेलले आफू काममा नजाने बताएका हुन् ।

#### के छ चारबुँदे निर्देशनमा ?

नियमन आयोगले पठाएको पत्रमा बक्यौता उठाउन दबाबमूलक कारबाहीलाई निरन्तरता दिन भनिएको छ। 'कारबाहीको दायरामा राखिरहनु न्यायोचित नहुने हुँदा उक्त समितिले आफ्नो कार्य सम्पन्न गरी नेपाल सरकारलाई प्रतिवेदन बुझाएपछि त्यसउपर नेपाल सरकारबाट निर्णय भएर तथ्य स्थापित नहोउञ्जेलसम्म वा यस आयोगबाट अर्को निर्देशन प्राप्त नभएसम्म निजहरूउपर थप कारबाही नगरी यथास्थितिमा राख्ने । साथै बक्यौता असुलीका लागि विद्युत् लाइन विच्छेदको कारबाहीबाहेक अन्य दबाबमूलक कारबाही गर्न भने यो निर्देशनमा लेखिएका कुराले कुनै बाधा नपर्ने,' पत्रमा भनिएको छ ।

त्यसैगरी मन्त्रीस्तरीय निर्णयबाट समिति बनिसकेको र यसले काम थालिसकेकोले विवादित विषयमा तथ्य स्थापित गराउने समयसमेत प्राधिकरणसँग रहेको पत्रमा लेखिएको छ। 'टिओडी मिटरसमेतको आधारमा डेडिकेटेड फिडर तथा ट्रंक लाइनबाट विद्युत् उपभोग गर्ने ग्राहकहरूको बक्यौता विद्युत् महसुल निर्धारण गर्नेसम्बन्धी आवश्यक सत्य तथ्य विवरण/प्रमाण संकलन एवं प्रमाणीकरण गर्ने भन्ने कार्यादेशसहित मन्त्रीस्तरबाट निर्णय भई बक्यौता रकमको जाँच गर्ने प्राविधिक समिति गठन भएको र सो समितिले कार्य प्रारम्भ गरिसकेको हुँदा प्राधिकरणलाई समेत विवादित विषयमा आफ्नो तथ्य स्थापित गराउने अवसर हो भन्ने यस आयोगले महसुस गरेको छ,' पत्रमा भनिएको छ।

त्यसैगरी बक्यौता नबुझाएका २८ उद्योगीले शुल्क बुझाउन आएमा हिसाब मिलान गर्दै जानसमेत भनिएको छ । 'उपभोक्ताले उक्त बक्यौता रकम बुझाउन ल्याएको अवस्थामा सो कार्य नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०६१।७।२५ मा भएको निर्णयसम्मत नै हुने हुँदा सो रकम विधिवत् बुझिलिई हिसाब मिलान/फरफारक गर्दै जाने । पछि छानबिनबाट ठहर हुन आएको रकमको हकमा सोहीबमोजिम समायोजन, हिसाब मिलान वा असुली गरी फरफारक गर्ने,' पत्रमा भनिएको छ ।

#### चर्कंदै विवाद

गत कात्तिक तेस्रो साता मन्त्रिपरिषद्ले २४ घण्टाभित्र आपूर्ति बन्द गरिएका उद्योगमा लाइन नियमित छाड्न निर्देशन दिएको थियो । प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले बक्यौता नतिरी विद्युत् आपूर्ति नगर्ने अडान लिएपछि सरकारले लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्दै प्राधिकरणमाथि दबाब बढाएको थियो । घिसिङले अडान नछाडेपछि कात्तिक २४ गते सरकारले आयोगको प्रतिवेदन सार्वजनिक गरेको थियो । त्यसपछि भने कात्तिक २७ गते प्राधिकरणले लाइन जोडिदियो । भोलिपल्टै कात्तिक २८ गते प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले उद्योगीले 'इमोसनल ब्ल्याकमेलिङ' गरेको र बक्यौता नतिरे फेरि १५ दिनभित्र लाइन काट्ने चेतावनी दिएका थिए ।

लाल आयोगको प्रतिवेदन बक्यौता नतिर्ने उद्योगीको पक्षमा देखिन्छ । पूर्वन्यायाधीश गिरिशचन्द्र लालको अध्यक्षतमा २०८० पुस २४ गते तत्कालीन सरकारले बक्यौता विवाद समाधान गर्न तीन सदस्यीय समिति गठन गरेको थियो । उक्त समितिले दिएको सुझावमा घिसिङ नेतृत्वको प्राधिकरणले बेलाबेला परिभाषा बदलेको देखिएको किटान गरेको छ । महसुल निर्धारण आयोग हुँदाहुँदै प्राधिकरणले उद्योगीमाथि जबरजस्ती महसुल बढाएकोसमेत प्रतिवेदनमा उल्लेख छ । जसकारण उद्योगी मारमा परेकाले यो कानुनसम्मत नभएको लाल आयोगको प्रतिवेदनमा उल्लेख छ । 'नियमित महसुलहरू यी ग्राहकले बुझाइसकेका देखिनाले, लोडसेडिङको विशेष परिस्थितिमा गरिएका विशेष अवस्थाका महसुलहरू लगाउन जारी राख्न खोज्नु, कुनै कारणले पनि औचित्यपूर्ण एवं कानुनसम्मत हुन सक्दैन,' लाल आयोगको प्रतिवेदनमा भनिएको छ।

कूल १९५ पृष्ठको लाल आयोगको प्रतिवेदनमा विवादमा रहेको प्रथम अवधि अर्थात् २०७२ साउन देखि २०७२ पुस सम्मको बक्यौता तिर्न नपर्ने सुझाएको छ। दोस्रो अवधि अर्थात् नेपालमा लोडसेडिङ अन्त्य हुनुअघिको अवधि (२०७२ माघ देखि २०७५ वैशाख सम्म) छुट महसुल उठाउन भनेको छ। यो अवधिको प्राधिकरण स्वयंले जारी गरेका लोडसेडिङसम्बन्धी सूचनासमेत ध्यानमा राखी डेडिकेटेड लाइनमार्फत सम्बन्धित ग्राहकहरूलाई विद्युत् आपूर्ति भएका दिन तथा अवधिहरू यकीन गरी पुनः हिसाब गरेर महसुल लिन पाउने उल्लेख छ । तेस्रो अवधि अर्थात् नेपालमा लोडसेडिङ अन्त्य भएको पछिको अवधि (२०७५ जेठदेखि २०७७ असार) सम्मको नियमति महसुलहरू यी ग्राहकले बुझाइसकेका देखिनाले लोडसेडिङको विशेष परिस्थितिमा गरिएका विशेष अवस्थाका महसुलहरू जारी राख्न खोज्नु कुनै कारणले पनि औचित्यपूर्ण एवं कानुनसम्मत हुन नसक्ने भनिएको छ।

मन्त्रिपरिषद्को मंसिर ६ गतेको बैठकले न्यायिक समिति गठन गरेको छ । लाल आयोगले देखाएका त्रुटिबारे थप अध्ययन गर्न मन्त्रिपरिषद्ले पूर्वन्यायाधीश हरिकुमार पोखरेलको नेतृत्वमा तीन सदस्यीय समिति गठन गरेको हो। यो निर्णयलाई मन्त्रालयगत भन्दै मन्त्रिपरिषद्को निर्णयमा उल्लेख गरिएको छैन । सत्तारुढ दल नेकपा एमालेले मंसिर ७ गते दरबारमार्गमा आयोजना गरेको जागरणसभामा प्रधानमन्त्रीसमेत रहेको एमाले अध्यक्ष केपी शर्मा ओलीले कुलमानले उत्पादन खत्तम बनाउने प्रयास गरेको आरोपसमेत लगाएका थिए । 'अहिले सरकारले भनिरहेको छ। बक्यौता उठाऊ। विद्युत् महसुल आयोगले जे भनेको छ त्यसअनुसार टिओडी मिटर दैनिक खपत गरेको मिटरमा आएको हुन्छ। त्यो मिटरको बिलअनुसार पैसा असुल गर। तुरुन्त असुल गर । लाल आयोगको प्रतिवेदन कार्यान्वयन गर,' ओलीले भनेका थिए, 'त्यसअनुसार महसुल नउठाउने । अनि देशको उद्योगहरू बन्द गरिदिने, मजदुरलाई बेरोजगार बनाइदिने, निर्यात चौपट बनाइदिने, उत्पादन खत्तम बनाउने यसप्रकारका षड्यन्त्र भइरहेका छन् ।'

■■■

### श्रम स्वीकृति...

वैदेशिक रोजगारीमा जाने विषय प्रवर्द्धन गर्ने कुरा नभई बाध्यता भएकाले श्रमिकहरूको हितका लागि विनाधितो ऋण दिने सरकारले योजना ल्याएको र कार्यान्वयनको चरणमा रहेको मन्त्री भण्डारीले बताए । वैदेशिक रोजगारीमा जाने बाध्यात्मक अवस्था रहेसम्म यसलाई सुरक्षित, मर्यादित र व्यवस्थित गर्नुपर्ने भएका सरकारले श्रमिकलाई ऋण दिने नीति ल्याएको उनको भनाइ छ । 'नेपालको श्रम बजारमा बर्सेनि पाँच लाख श्रमिक आउने गरेको भए पनि एक लाखलाई मात्र रोजगारी दिनसक्ने अवस्था रहेकोले चार लाख मानिस वैदेशिक रोजगारीमै जानुपर्ने अवस्था रहेको छ,' मन्त्री भण्डारीले भने ।

मंगलबार स्थापनाको सातौं वर्ष मनाएको सामाजिक सुरक्षा कोषमा अहिले आन्तरिक तथा वैदेशिक रोजगारीमा रहेका १७ लाख ९७ हजार ६४० जना योगदानकर्ता (श्रमिक) आबद्ध भएको कोषका कार्यकारी निर्देशक कविराज अधिकारीले जानकारी दिए । उनका अनुसार वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको संख्या १२ लाख ५३ हजार ६१५ जना रहेका छन् । अहिलेसम्म कोषमा औपचारिक क्षेत्रका १९ हजार ७६७ रोजगारदाता आबद्ध रहेका छन् । कोषमा हाल ६८ अर्ब ६८ करोड रूपैयाँ जम्मा भएको कार्यकारी निर्देशक अधिकारीले बताए । कोषले स्वास्थ्य उपचार, पेन्सनलगायतका सुविधाका लागि ११ अर्ब ६२ करोड रूपैयाँ भुक्तानी गरेको उनले जानकारी दिए ।

कोषले हाल औषधि उपचार, स्वास्थ्य तथा मातृत्व योजना, दुर्घटना तथा अशक्तता सुरक्षा योजना, आश्रित परिवार सुरक्षा योजना, वृद्ध अवस्था सुरक्षा योजनालगायतका योजना अघि सारेको छ। स्थापना दिवसको अवसर पारेर कोषको दायरा पनि फराकिलो पारिएको कार्यकारी निर्देशक अधिकारीले बताए । 'यसअघि वैदेशिक रोजगारीमा गएका श्रमिकले मात्र औषधि उपचार पाउने गरेकोमा अब उनीहरूका श्रीमान्-श्रीमती र १८ वर्ष नकटेका छोराछोरीहरूका लागिसमेत उपचार सेवा थप गरिएको छ,' उनले भने, 'कुनै पनि योगदानकर्ता (श्रमिक) अस्पतालमा भर्ना भई उपचार गर्दा एक लाख रूपैयाँसम्म मात्रै उपचार सुविधा उपलब्ध गराउँदै आएकोमा अब १० लाख रूपैयाँसम्मको उपचारमा ५० प्रतिशत कोषले व्यहोर्ने छ ।'

कार्यकारी निर्देशक अधिकारीले केन्द्रीय कार्यालयका अतिरिक्त विराटनगर, सिमरा, बुटवल, नेपालगन्ज, पोखरा र जनकपुरमासमेत सेवा बिस्तारका लागि कोषको कार्यालय स्थापना गरिएको बताए । यही आर्थिक वर्षभित्र सेवा विस्तारका लागि सात वटै प्रदेशमा कोषको भौतिक उपस्थिति सुनिश्चित हुनेगरी तयारी भइरहेको उनले जानकारी दिए ।

गैरआवासीय नेपाली संघ (एनआरएनए) का अध्यक्ष डा. बद्री केसीले सरकारले सामाजिक सुरक्षा योजनामा योगदान पुऱ्याउने गरी ठोस योजना तथा कार्यक्रम ल्याउन नसक्दा सोचेअनुरूप परिणाम आउन नसकेको बताए । 'औपचारिकता र वैदेशिक रोजगारीमा जानुपूर्वको अनिवार्य प्रक्रियामात्रै पूरा गर्न कोष सञ्चालन गरिएको जस्तो देखिएकाले विदेशमा रहेका श्रमिकले कोषको महत्त्व नै बुझ्न सकेनन्,' उनले भने, 'वैदेशिक रोजगारीमा रहेका र विदेशमा अनौपचारिक क्षेत्रमा रहेको ठूलो संख्या अझै पनि सामाजिक सुरक्षा कोषको दायराभन्दा बाहिर रहेका छन् ।'

विदेशमा रहेका धेरैभन्दा धेरै नेपालीलाई कोषमा आबद्ध गराउन गैरआवासीय नेपाली संघ प्रतिबद्ध रहेको भन्दै अध्यक्ष केसीले सुरक्षा योजनामा निरन्तर योगदान दिनुपर्छ भन्ने वातावरण बनाउन ठोस योजना ल्याउन सरकारसँग आग्रह गरे ।


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

*(तेस्रो पटक सूचना प्रकाशित मिति २०८१/०८/१२ गते)*

त्यस कम्पनीको मिति २०८१/०७/११ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय वमोजिम साविक कम्पनी **टेक स्किल प्रा.लि.**को नाममा रहेको सम्पूर्ण चल अचल सम्पति तथा तिर्नु व्यहोर्नुपर्ने कर दायित्व आदि परिवर्तित नाम **एरिकाज् एजुकेशनल सर्भिसेस प्रा.लि. (प्रा.लि. नं. ३३३३९५)** को कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको २०८१/०८/०२ गतेको निर्णय अनुसार नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।



### टिम पार्टनर्स फण्ड लिमिटेडको

## प्रथम वार्षिक साधारण सभा सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति: २०८१/०८/१२**

यस टिम पार्टनर्स फण्ड लिमिटेडको मिति २०८१ कार्तिक ७ गते बसेको संचालक समितिको बैठकको निर्णयानुसार यस कम्पनीको प्रथम वार्षिक साधारण सभा देहायका विषयहरू उपर छलफल तथा निर्णय गर्नका लागि निम्न लिखित मिति, समय तथा स्थानमा बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान:**

मिति: २०८१/०८/२१ (तदनुसार ६ डिसेम्बर, २०२४), शुक्रबार ।

समय: दिनको ३:३० बजे

स्थान: टिम पार्टनर्स फण्ड लिमिटेडको रजिष्टर्ड कार्यालय, टिम कर्पोरेट सेन्टर, सिनामंगल-९, गैरीगाउँ, काठमाडौं ।

**छलफलका विषयहरु:**

**(क)सामान्य प्रस्ताव:**

१) आर्थिक वर्ष २०८०/०८१ को संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) आर्थिक वर्ष २०८०/०८१ को लेखापरीक्षकको प्रतिवेदन सहितको वित्तीय विवरण, नाफा नोक्सान विवरण, नगद प्रवाह विवरण लगायत सम्पूर्ण वित्तीय विवरणहरू उपर छलफल गरी पारित गर्ने ।

३) कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व. २०८१/०८२ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**(ख)विशेष प्रस्ताव:**

१) संचालक समितिको सदस्य नियुक्त गर्ने ।

(ग)विविध ।

**संचालक समितिको आज्ञाले**



# Invitation for Bids

## Shree Amar Jyoti Secondary School

**Kharanitar, Nuwakot**

*Bagmati Province, Nepal*

*Invitation for Bids for the* **AMARJYOTI/NCB/W/BLDG/2081/82**

Date of Notice Publication: 27th November, 2024

1. Shree AmarJyoti Secondary School invites electronic bids from eligible bidders for the Construction of **Shree Amarjyoti Secondary School (Phase-4)** under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Shree Amar Jyoti Secondary School, Kharanitar, Nuwakot** or may visit PPMO website www.bolpatra.gov.np.
3. Electronic bids must be submit their bid electronically or may down load the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa(revenue) account as specified below.

   **Information to deposit the cost of bidding document in Bank:**

   **Name of the Bank: Agricultural Development Bank Ltd.**

   **Name of Office: Shree Amarjyoti Madhyamik Bidhyalay    Office Account no. 0213300985862017**

   **Account Type: Chalti Khata**
4. Pre-bid meeting shall not be held .
5. Electronic bids must be submitted to the office of **Shree Amar Jyoti Secondary School, Kharanitar, Nuwakot** through PPMO website www.bolpatra.gov.np. on or before **12:00 Noon On 2081/09/12 (27th December, 2024).** Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1:00 PM on 2081/09/12 (27th December, 2024) at the office of **Shree Amar Jyoti Secondary School, Kharanitar, Nuwakot.** Bids must be valid for a period of 90 (Ninety) days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of **NRs. 2,60,000.00** deposited at School's account No. 0213300985862017 on behalf of Amarjyoti Madhyamik Bidhyalay, Kharanitar, at Agricultural Development Bank Limited, Kharanitar branch, Nuwakot or bid bond authorized from a recognized commercial bank of Nepal,which shall be valid for 30 days beyond the validity period of the bid **(i.e. 120 Days from the date of bid opening)**
7. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

| Contract Identification No. | Description of Works | Total Estimated Amount With VAT & PS (NRs) | Bid Security Amount (NRs) | Bid Document Fee (NRs) |
|---|---|---|---|---|
| AMARJYOTI/NCB/W/BLDG/ 2081/82 | Construction of Shree Amar jyoti Secondary School (Phase-4) | 96,63,199.43 | 2,60,000.00 | 3,000.00 |

**Principal**


## आजको राशिफल




**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com


बुधबार, १२ मंसिर, २०८१

| | |
|---|---|
| **मेष** | दिन रमाइलो, नयाँ कामको प्रस्ताव आउनेछ । |
| **वृष** | अध्ययनमा प्रगति, लेखन तथा सिर्जनाबाट सफलता । |
| **मिथुन** | पहिलेको श्रम र लगानीबाट फाइदा हुनेछ । |
| **कर्कट** | अरूको करकापमा काम गर्न बाध्य । |
| **सिंह** | सामान्य कामका लागि धेरै दौडधुप गर्नुपर्ने । |
| **कन्या** | सानो प्रयत्नले कीर्तिमानी कामको सौभाग्य मिल्ने । |
| **तुला** | सफलताले हौसला, विशेष काममा जग बसाउने । |
| **वृश्चिक** | रमाइलो यात्रा र भेटघाटको अवसर जुट्नेछ । |
| **धनु** | दिन उत्साहवर्धक, नैतिक मर्यादा पालना । |
| **मकर** | नयाँ काम थालनी, सहयोगीहरूले साथ मिल्ने । |
| **कुम्भ** | सुखद समाचारले मनको डर उत्साहमा रुपान्तरण । |
| **मीन** | फाइदा हेर्दा नाम बिग्रने तापनि धन आर्जन । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१२ मंसिर, २०८१ (२७ नोभेम्बर, २०२४)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३४.८२ | १३५.४२ |
| युरो | १ को | १४०.५२ | १४१.१४ |
| पाउन्ड स्टिर्लङ | १ को | १६८.८६ | १६९.६१ |
| स्विस फ्रैन्क | १ को | १५१.७५ | १५२.४२ |
| अस्ट्रेलियन डलर | १ को | ८७.६३ | ८८.०२ |
| क्यानाडियन डलर | १ को | ९६.३७ | ९६.८० |
| सिङ्गापुर डलर | १ को | १००.०४ | १००.४९ |
| जापानी येन | १० को | ८.७३ | ८.७७ |
| चिनियाँ युआन | १ को | १८.६१ | १८.६९ |
| साउदी अरब रियाल | १ को | ३५.९१ | ३६.०७ |
| कतारी रियाल | १ को | ३६.९७ | ३७.१३ |
| थाई भाट | १ को | ३.९१ | ३.९२ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.७१ | ३६.८७ |
| मलेसियन रिङेट | १ को | ३०.१८ | ३०.३१ |
| दक्षिण कोरियन वन | १०० को | ९.५९ | ९.६३ |
| स्विडिस क्रोनर | १ को | १२.१७ | १२.२२ |
| डेनिस क्रोनर | १ को | १८.८४ | १८.९३ |
| हङकङ डलर | १ को | १७.३२ | १७.४० |
| कुवेती दिनार | १ को | ४३८.०० | ४३९.९५ |
| बहराइन दिनार | १ को | ३५७.६८ | ३५९.२८ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

स्थानीय तह उपनिर्वाचन

# कीर्तिपुरमा चुनाव प्रचार तीव्र




**कीर्तिपुर (काठमाडौं)**– स्थानीय तहको उपनिर्वाचन नजिकिएसँगै कीर्तिपुर नगरपालिकामा प्रचार-प्रसार तीव्ररूपमा अघि बढेको छ । राजनीतिक पार्टीसम्बद्ध उम्मेदवारहरू पार्टीको झण्डा र ब्यानरसहित जनताको घरदैलो पुगी आफ्नो पक्षमा मत माग्न व्यस्त देखिन्छन् ।

यसैगरी, स्वतन्त्र उम्मेदवारहरू पनि राजनीतिक पार्टीहरू असफल भएको भन्दै विकल्पका रूपमा साथ दिन जनतासँग अनुरोध गर्दै दौडधुप गरिहेका भेटिन्छन् । कीर्तिपुर नगरपालिकामा प्रमुख र दुईवटा वडाध्यक्षका लागि चुनाव हुन लागेकाले अन्य विषयवस्तु ओझेल पर्नेगरी चुनावीसभा र घरदैलो अभियानले यतिबेला कीर्तिपुरको राजनीतिक माहोल तातिएको अवस्था छ । यही मंसिर १६ गते हुन गइरहेको उपनिर्वाचनअन्तर्गत कीर्तिपुर नगरपालिकाको प्रमुखमा राजनीतिक दलका आठ र स्वतन्त्र १२ गरी २० जनाले उम्मेदवारी दिएका निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

नेपाली कांग्रेसबाट उम्मेदवारी दिएका कृष्णमान डंगोल हाल घरदैलो अभियानमा व्यस्त छन् । उनले कीर्तिपुरको विकास र सम्पदा संरक्षण आफ्नो मुख्य मुद्दा भएको बताए । 'कीर्तिपुरका सम्पदा संरक्षण गर्दै विकास कार्य अघि बढाउँछु, यसो गर्दा कीर्तिपुरलाई सांस्कृतिक सहरमा परिणत गर्न सकिन्छ भन्ने विश्वास छ,' उनको भनाइ छ । आर्थिक अभावका कारण कोही पनि बालबालिकालाई विद्यालय जानबाट वञ्चित हुन नदिने र विद्यालयमा प्राविधिक शिक्षा अघि बढाउने आफूसँग स्पष्ट योजना रहेको उनले बताए ।

नेकपा एमालेका नगरप्रमुखका उम्मेदवार डा. सुरेन्द्र मानन्धर आमजनतासँग जोडिएको विकास निर्माणसँग सम्बन्धित प्रक्रिया अघि बढाउँदा स्थानीय जनताको भावना र विषयविज्ञका रायसुझावसहित जनता केन्द्रित कार्यक्रमले प्राथमिकता पाउनुपर्छ भन्ने पक्षमा आफू रहेको स्पष्ट गरे । 'कीर्तिपुरलाई कीर्तिपुरकै सांस्कृतिक र प्राकृतिक सम्पदाहरूले पाल्न सक्छन् भन्ने विश्वास मलाई छ । ती सम्पदाको विकास र प्रयोग गर्दै 'एआई'सँग रमाइरहेका अहिलेको 'स्मार्ट'पुस्ता सुहाउँदो कीर्तिपुर बनाउने मेरा योजना छ,' उनले भने । कीर्तिपुरको सबैभन्दा ठूलो समस्या अव्यवस्थित र खाल्डाखुल्डीयुक्त सडक भएको बताउँदै डा. मानन्धरले त्यसलाई सडक बोर्ड बनाएर स्थायी समाधान गर्ने अवधारणा आफूसँग रहेको बताए ।

नेकपा माओवादी केन्द्रका तर्फबाट प्रमुखमा उम्मेदवारी दिएका प्रा.डा. शिवशरण महर्जन कीर्तिपुरमा समृद्धि ल्याउनु नै आफ्नो मुख्य 'एजेण्डा' रहेको बताउँछन् । उनले नगरपालिकाका कामकाजमा सुशासन कायम गर्ने, पुस्तकालय एवं संग्रहालय स्थापनासहित विकास निर्माणलाई जोड दिने तथा त्रिभुवन विश्वविद्यालयसँग नगरपालिकाको समन्वय गराउने पक्षमा आफ्नो उम्मेदवारी रहेको बताए ।

राष्ट्रिय प्रजातन्त्र पार्टीबाट उम्मेदवारी दिएका इञ्जिनियर ध्रुव महर्जन नगरपालिकामा सुशासन, खानेपानीको उचित व्यवस्थापन र सार्वजनिक विद्यालयमा प्राविधिक शिक्षाको व्यवस्था आफ्नो मुख्य चुनावी एजेण्डा रहेको बताउँछन् । नेपाल मजदुर किसान पार्टीले श्रीकृष्ण महर्जनलाई उम्मेदवार बनाएको छ भने राष्ट्रिय स्वतन्त्र पार्टीले कीर्तिपुर नगरपालिकामा उम्मेदवारी दिएको छैन ।

यसैगरी नगरप्रमुख पदमा उम्मेदवारी दिने स्वतन्त्र उम्मेदवारहरूले पनि चुनावी प्रचार-प्रसार अघि बढाएका छन् । उनीहरूले विकास निर्माण, सुशासन, सांस्कृतिक सम्पदाको संरक्षण गर्न यसअघि राजनीतिक पार्टीबाट निर्वाचित मेयरहरू असफल भएको भन्दै यसपटकको निर्वाचनमा स्वतन्त्र उम्मेदवारलाई साथ दिन कीर्तिपुरवासीसँग आग्रह गरेका छन् । यसरी स्वतन्त्र उम्मेवारका पक्षमा मतदान गर्न आग्रह गर्नेहरूमा कविकुमार महर्जन, नरेश महर्जन, आनन्द महर्जन, राजमान मानव, डा. नवरथ बानियाँलगायत छन् ।

प्रमुखबाहेक कीर्तिपुर नगरपालिका १ र ४ मा वडाध्यक्ष पदका लागि हुन गइरहेको उपनिर्वाचनमा पनि प्रमुख राजनीतिक पार्टीसहित स्वतन्त्र उम्मेदवारहरूले निर्वाचन प्रचारप्रसारलाई तीव्र बनाएका छन् । सबैजसो उम्मेदवारहरूले वडास्तरीय विकास र सुशासनलाई चुनावी मुद्दा बनाएको देखिन्छ । *रासस*

# हिउँद लागेसँगै बढ्न थाले आगलागीका घटना

**काठमाडौं**– हिउँद लागेसँगै आगलागीका घटनामा वृद्धि भएका छन् । कतिपय स्थानमा असावधानीका कारण आगलागी हुँदा जनधनको क्षति भएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको विवरणमा उल्लेख छ । प्राधिकरणले उपलब्ध गराएको मंसिर १ देखि १० गतेसम्मको विवरणमा सबैभन्दा बढी आगलागीका घटना भएको देखिएको हो ।

प्राधिकरणका अनुसार मंसिर १ गते ११ वटा विपद्का घटना भएका थिए । त्यसमध्ये आठवटा आगलागीका मात्रै घटना थिए भने जनावरको आक्रमणबाट एक जना र लेक लागेर एक जनाको मृत्यु भएको थियो । मंसिर २ गते विपद्का १२ वटा घटनालाई प्राधिकरणले समावेश गरेको छ । त्यसदिन पनि विभिन्न आठ स्थानमा आगलागी भएका थिए ।

झापाको दमकमा हात्तीको आक्रमणमा परी एक जनाको मृत्यु भएको थियो । यस्तै, मुस्ताङमा लेक लागेर एक जना र सुनसरीमा अर्नाले हानेर एक जना घाइते भएका थिए । मंसिर ३ गते दुईवटा घटनामात्रै भएका प्राधिकरणले जनाएको छ । मोरङमा आगलागी र बैतडीको पाटनमा सुक्खा पहिरो खस्न गई महाकाली राजमार्गमा अवरुद्ध भएको थियो । यसैगरी मंसिर ४ गते देशभर १६ मध्ये १३ वटा आगलागीका विपद्जन्य घटना भएका थिए ।

मंसिर ५ गते देशभर १२ वटा आगलागीका घटना भएको पाइएको छ । आगलागीमा ठूलोमात्रामा भौतिक क्षति भए पनि मानवीय क्षति नभएको प्राधिकरणको विवरणमा समावेश छ । त्यसदिन आगलागीमा परी एक जना घाइते भएका छन् । मंसिर ६ गते १० वटा घटना घटेकामा नौ वटा आगलागीका मात्रै थिए । त्यसदिन आगलागी र जनावर आक्रमणमा परी दुई जना घाइते भएका उल्लेख छ ।

मंसिर ७ गते देशभरका १४ स्थानमा आगलागी भएको थियो । आगलागीका कारण भौतिक सामग्री जलेर नष्ट भई दुई जना घाइते भएका प्राधिकरणले जनाएको छ । मंसिर ८ गते देशभर १० वटा विपद्जन्य घटनामध्ये नौ वटा आगलागीका थिए । लेक लागेर एक जना र आगलागीबाट एक जना घाइते भएका थिए । मंसिर ९ गते देशभर विपद्का १५ घटनामध्ये १४ वटा आगलागीका थिए । सो दिन नवलपरासी पूर्वमा गैंडाको आक्रमणमा परी एक जनाको मृत्यु भएको थियो । यस्तै आगलागीमा परेर दुई जना घाइते भएका थिए ।

मंसिर १० गते विपद्जन्य १४ वटा घटना देशभर घटेका छन् । त्यसमा १३ वटा आगलागीका हुन् । यसरी पछिल्ला १० दिनको विवरणमा सबैभन्दा बढी आगलागीका घटना छन् । आगलागीबाट जोगिन पूर्वसावधानी अपनाउन प्राधिकरणले सबैलाई आग्रह गरेको छ ।

प्राधिकरणले घर नजिक कुवा, इनार र पोखरीको व्यवस्था गरी पानीको जगेर्ना गर्न, समुदायस्तरमा आगलागीको समयमा तत्काल प्रयोगका लागि डोरी, बोरा, कपडा, बाल्टिन, कुटो, कोदालो आदिको व्यवस्था गर्न, समयमा सम्बन्धित निकायमा सूचना गर्न आग्रह गरेको छ । यस्तै क्षति कम गर्न परिवार तथा समुदायमा पूर्वतयारी योजना तयार पारी कार्यान्वयन गर्न अनुरोध गरेको छ ।

प्रज्वलनशील पदार्थहरू (सलाई, मट्टितेल, पेट्रोल, ग्यास सिलिण्डर आदि) सुरक्षित राख्न, शरीरमा आगो लागेमा उक्त व्यक्तिलाई दौडन नदिइ भुइँमा सुताएर टाउकोदेखि पैतालासम्म कम्बल वा बोरा आदिले छोप्नुपर्ने प्राधिकरणले उल्लेख गरेको छ । आगलागी भएको ठाउँभित्र जानुपरेमा तालिम प्राप्त व्यक्तिमात्र जान, वनजंगलमा जथाभावी आगो नलगाउन, चुरोटका ठुटा जथाभावी नफाल्न र खाना पकाइसकेपछि आगो राम्ररी निभाउन प्राधिकरणले अनुरोध गरेको छ । *रासस*


**कालिका नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**रेडक्रसग्राम, चितवन**
**बागमती प्रदेश, नेपाल**

**वोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(सूचना प्रकाशन मितिः २०८१-०८-१२)**

यस कालिका नगरपालिकावाट तपसिलमा उल्लेखित मितिमा प्रकाशित वोलपत्र आब्हानको सूचनाहरुको म्याद भित्र पर्न आएका वोलपत्रहरुको मूल्यांकन हुँदा न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही (Lowest Evaluated Substantially Responsive Bidder) तपसिल अनुसारको वोलपत्र स्वीकृतिका लागि पेश भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) प्रयोजनका लागि वोलपत्र स्वीकृत गर्ने आशयको ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

| S. No. | Bid IFB No. | Name of Projects | Date of Notice Publication | Quoted Amount With VAT (NRs.) | Name of Lowest Evaluated Substantially Responsive Bidder | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | 01/Works/NCB/KM/081/082 | Kalika Nagarpalika Redcrossgram School Chowk Dekhi Mahila Sanjal Bhawan Hundai Paschim Bhimwali Samudayik Ban Simana Samma Sadak Nirman | 2081-5-12 (BS) | 2,41,51,878.54 | PATHAK SAURAB J.V., Bharatpur, Chitwan | |
| 2. | 02/Works/NCB/KM/081/082 | Madan Ashrit Marga Ward No 2 and 4 Simana Dekhi Purwa Ward No 2 and 3 Ko Simana Prakash Medical Hundai Bangye Kulo Samma Sadak Nirman | 2081-5-12 (BS) | 2,55,44,272.83 | PATHAK SAURAB J.V., Bharatpur, Chitwan | |

**प्रमुख प्रशासकीय अधिकृत**


# संघीय अस्पतालहरूमा विद्युतीय हाजिरी अनिवार्य

**काठमाडौं (प्रस)**– स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सबै संघीय अस्पताललाई विद्युतीय हाजिरी अनिवार्य गर्न परिपत्र गरेको छ ।

कतिपय सरकारी अस्पतालमा कार्यालय समयमा चिकित्सक उपलब्ध नहुने गुनासो आएपछि विद्युतीय हाजिरीमार्फत रेकर्ड राख्ने व्यवस्था मिलाउन मन्त्रालयले परिपत्र गरेको हो । स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले कार्यालय समयमा चिकित्सक बाहिर भेटिने समस्या अन्त्य गर्न विद्युतीय हाजिरी अनिवार्य गरेर कडाइ गर्न मातहतका कर्मचारीलाई भनेका थिए ।

त्यसलगत्तै मन्त्रालयअर्न्तगतको गुणस्तर मापन तथा नियमन महाशाखाले २४ वटा संघीय अस्पताललाई विद्युतीय हाजिरी अनिवार्य व्यवस्था गरेर सोको जानकारी पठाउन पत्राचार गरेको हो । मन्त्रालयले विद्युतीय हाजिरी राखिएपश्चात् समयमा चिकित्सक उपलब्ध भए नभएको अनुगमनसमेत थाल्ने भएको छ ।

मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले कार्यालय समयमा चिकित्सक तथा स्वास्थ्य कर्मचारी नभएका गुनासा सम्बोधन गर्न हाजिरीलाई विद्युतीय बनाउने निर्णय भएको बताए । 'हामीले सबै संघीय अस्पताललाई विद्युतीय हाजिरी व्यवस्था अनिवार्य गर्न भनेका छौं,' उनले भने, 'त्यसपछि अनुगमन गर्दा नभएको पाइएमा कारबाही हुने छ ।'

मन्त्रालयले केही दिनअघि औषधिको मूल्य सबैले देख्नेगरी सार्वजनिक गर्न सबै संघीय अस्पताल तथा मेडिकल कलेजलाई पत्राचार गरेको थियो । दुई साताभित्र सार्वजनिक गर्नका लागि मन्त्रालयले पत्राचार गरेको थियो । यसकोसमेत अनुगमन गर्ने तयारी मन्त्रालयले गरेको प्रवक्ता बुढाथोकीले बताए ।


**कृष्णपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**गुलरिया, कन्चनपुर शुदूरपश्चिम प्रदेश**

**बिद्युतीय बोलपत्र आव्हानको सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८१।०८।१२**

यस कार्यालयको बार्षिक कार्यक्रम अनुसार तपशीलका योजनाहरू कार्यान्वयनका लागि योग्य फर्म तथा कम्पनीहरूबाट अनलाईन बोलपत्र पेश गर्नुहुन अनुरोध गरिन्छ ।

| ठेक्का नं. | विवरण | लागत अनुमान रकम कर तथा पी.एस. सहित रु. | फाराम दस्तुर रु. | धरौटी/जमानत रकम रु. | धरौटी/जमानत रकमको म्याद |
|---|---|---|---|---|---|
| 16-SCH-2081/082 | नन्द मा.बि. भवन निर्माण, देखदभुली ३ कञ्चनपुर | ९३,४२,४५५।१६ | ३,०००।- | २,३५,०००।- | १२० दिन |
| 17-SCH-2081/082 | कञ्चन मा.वि. भवन निर्माण, शान्तिपुर ७ कञ्चनपुर | ९३,४२,४५५।१६ | ३,०००।- | २,३५,०००।- | १२० दिन |
| 18-SCH-2081/082 | समैजि मा.वि. भवन निर्माण, किचाई ४ कञ्चनपुर | ९३,४२,४५५।१६ | ३,०००।- | २,३५,०००।- | १२० दिन |
| 19-SCH-2081/082 | सरस्वती मा.वि. भवन निर्माण, बाणी २ कञ्चनपुर | ९३,४२,४५५।१६ | ३,०००।- | २,३५,०००।- | १२० दिन |

| | |
|---|---|
| **बैंकको विवरण: कुमारी बैंक, शाखा कार्यालय गुलरिया, कञ्चनपुर** | बोलपत्र सम्वन्धि कागजातहरु www.bolpatra.gov.np/egp. बाट तोकिएको फाराम दस्तुर तिरी खरिद गर्न सकिनेछ । ठेक्का सम्बन्धि बिस्तृत विवरण बोलपत्र सम्बन्धि कागजपत्रमा उल्लेख गरिएको छ । |
| जमानत खाता (धरौटी खाता) ग ३ : २७००२४८२१६२००००४<br>आन्तरिक राजश्व खाता ग १.१ : २७००२४८२१६२००००९ | |

१. बोलपत्रको अन्तिम दर्ता मिति २०८१।०९।१२ दिनको १२:०० बजे र खोलिने मिति सोही दिनको १४:०० बजे सम्मको हुनेछ । दर्ता गर्ने दिन सार्वजनिक बिदा भएमा लगत्तै आर्को दिन दर्ता गरिनेछ ।

२. बोलपत्र स्वीकृत गर्ने, नगर्ने, आंशिक स्वीकृत गर्ने वा रद्द गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

३. सूचनामा परेका व्यहोराहरु बाहेक अन्यको हकमा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ (संसोधन सहित) तथा नेपाल सरकारको कानुन अनुसार हुनेछ ।

४. बोलपत्र सम्बन्धमा अन्य थप कुराहरु बुझ्नु परेमा यस कार्यालयमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**


# बाल क्यान्सरको निःशुल्क उपचार

**चितवन (प्रस)**– बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालले बाल क्यान्सरको निःशुल्क उपचार सुरुआत गरेको छ । अस्पतालले विगतमा शयचा, खाना, रेडियो थेरापी निःशुल्क गर्दै आएकामा अब किमोलगायत औषधि पनि निःशुल्क गर्न थालनी गरेको हो ।

अस्पतालका कार्यकारी निर्देशक डा. शिवजी पौडेलका अनुसार डिसेम्बरको अन्तिमसम्म विश्व स्वास्थ्य संगठन (डब्ल्युएचओ)बाट केमोसहितका ३५ बाल क्यान्सरका औषधि निःशुल्क आउँदै छन् । ती औषधि नआउँदासम्म अहिले अस्पतालले नै औषधि उपलब्ध गराउँदै आएको छ । उनले भने, 'मन्त्रालयले स्रोत सुनिश्चितता गरेकाले हामीले औषधिसमेत सम्पूर्ण उपचार निःशुल्क सुरु गरेका छौं ।'

अस्पतालका उपनिर्देशक डा. उमेश नेपालका अनुसार यस अस्पतालमा बाल क्यान्सरका बिरामीको चाप अत्यधिक हुने गर्दछ । उनले भने, 'धेरै बिरामी हुन्छन्, निःशुल्क गर्दा अस्पताललाई ठूलो भार हुन्छ भनेपछि स्वास्थ्य मन्त्रालयले स्रोतको सुनिश्चितताको प्रतिबद्धता दियो ।' पछि सोधभर्ना हुनेगरी अहिले अस्पतालले नै केमोलगायत औषधिको व्यवस्थापन गरेको उपनिर्देशक डा. नेपालको भनाइ छ । अस्पतालका बाल क्यान्सर रोग विशेषज्ञ डा. कृष्णसागर शर्माले सुरुकै अवस्थामा बाल क्यान्सर पत्ता लाग्यो भने निको बनाउन सकिने बताउँछन् । नेपालमा बर्सेनि एक हजार ५०० हाराहारी नयाँ बाल क्यान्सरका बिरामी हुन्छन् भन्ने अनुमान रहेको उनको भनाइ छ । तीमध्ये आधामात्र उपचारको पहुँचमा आउने गरेको उनले जानकारी दिए ।

उनले भने, 'कतिपय बालबालिका क्यान्सर पत्ता नलागी ज्यान गुमाएका हुन्छन् । कतिपय विदेशमा गएर उपचार गराएका छन् । तर, ५० प्रतिशत बालबालिका क्यान्सर अस्पतालको पहुँचबाहिर रहेको अनुमान गरिएको छ ।' बाल क्यान्सरको उपचार पूर्णनिःशुल्क भएसँगै पहुँचबाहिर रहेका बालबालिका पनि उपचारको पहुँचमा आउने उनले विश्वास व्यक्त गरे ।

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# नयाँ घोषणा हैन आबद्धता बढाऊ

योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा त्यसै त रोजगारदाताको आकर्षण छैन, त्यसमाथि यसको दायित्व बढ्नेगरी प्रधानमन्त्री केपी शर्मा ओलीले नयाँ घोषणा थपेका छन् । हुन त प्रधानमन्त्रीले यसको आकर्षण बढाउन १० लाख रूपैयाँसम्मको उपचार खर्च मिलाउने घोषणा गरेका होलान् । तर निजी क्षेत्रकै प्रतिनिधि संलग्न गराएर श्रमिकको सुरक्षाका लागि स्थापना गरिएको यो कोषमा श्रमिक आबद्ध हुन पाएका छैनन् ।

वैदेशिक रोजगारीमा गएकाहरूलाई यो अनिवार्य गरिएको छ । तर यो वैधानिकरूपमा श्रमबजारमा गएकाहरूलाई मात्र सीमित गरिएको छ । वैदेशिक श्रमबजारमा ५० लाख नेपाली पुगेको आँकडा छ तर १२ लाखमात्र कोषमा आबद्ध भएका छन् । आबद्ध भएकाहरू पनि श्रम स्वीकृति लिने औपचारिकतामै सीमित देखिएका छन् ।

अहिलेसम्म कोषमा १७ लाख आबद्ध भएको देखिन्छ । यो आँकडाले के देखाउँछ भने मुलुकका रोजगारदाता कोषको योजनामा सकारात्मक छैनन् । न्यूनतम पारिश्रमिक नपाएका कर्मचारीलाई कोषमार्फत सुरक्षित बनाउने योजनासहित यो योजना अघि बढाएको देखिन्छ । तर न्यून पारिश्रमिकमा काम लगाइरहेका रोजगारदाताहरू श्रम ऐनको फन्दामा पर्ने डरले यहाँ जान हच्किरहेका छन् ।

त्यसैले सेवासुविधा पाएकामात्र यहाँ आबद्ध हुँदा जुन लक्ष्यका साथ दायरा बनाएको हो त्यसमा श्रमिकहरू परेका छैनन् । यसले गर्दा अहिले यो पैसा जम्मा हुने थलो बनेको छ । यहाँ ६८ अर्ब पैसा थुप्रिएको छ । यो पैसामा अहिले निजी क्षेत्रले आँखा लगाएको छ ।

सामाजिक सुरक्षाका लागि कोषमा जगेडा राखेको पैसा लगानीमा कोषलेसमेत प्रयास गरिरहेको छ । यसै मेसोमा प्रधानमन्त्रीले वृद्धभत्ताभैंm उपचारमा पाइने दायरा बढाउने घोषणा गरेका हुन् । अहिलेसम्म कोषले एक लाखमात्र उपचार खर्च उपलब्ध गराउँथ्यो । जसमा २० प्रतिशत योगदानकर्ताले दिनुपर्ने हुन्थ्यो । प्रधानमन्त्रीको घोषणासँगै अब १० लाख रूपैयाँ उपचार खर्च पाउने भएको छ । यसमा योगदानकर्ताले ५० प्रतिशत बुझाउनुपर्ने हुन्छ । यसो गर्दा योगदानकर्ताले मेडिकल व्यवसायीसँग मिलेमतो गरी फर्जी बिल बनाउने सम्भावना बढ्ने देखिन्छ भने कोषबाट खर्चको भार बढ्दै जाने छ ।

पेन्सन, वृद्धभत्ता बढाएभैंm कोषमा पनि यसरी नै नयाँ कार्यक्रमहरू घोषणा गर्नु कतिको लाभदायक होला ? अध्ययनविना घोषणा गर्नु ठीक हुन्न । बरु यो कोषमा श्रमिकहरूलाई ल्याउनका लागि कडाइ गर्न नियामक निकाय गठन गर्नु सरकारको बुद्धिमतापूर्ण कदम हुने छ ।

## मनन्योग्य

### चाणक्य नीति

चिठी हेरेर आउने व्यक्ति तेजिलो एवम् विलक्षण बुद्धिको भन्ने जानी खुसी भएर भने- 'मेरो काम प्रयत्न हो, ईश्वरले तिम्रो कल्याण गरून्, म प्रयत्न गर्छु, कुटीमा गएर विश्राम गर, बेलुका भेट हुन्छ अनि कुरा गरौंला' भन्दै आचार्यले एक शिक्षिकालाई नामले पुकार्दै खाने, बस्ने प्रबन्धको निर्देशन दिएर आफू पढाउने कक्षातिर लागे ।

प्राचार्य विद्यालयबाट फर्की आउँदा आपका रूखमुनि ढुंगामा बसी किताब पढिरहेका विष्णुगुप्तलाई देखी ज्यादै प्रभावित भए । वस्त्र बदली स्नान गर्न कुवातिर लागे । आचार्यले स्नानका लागि पानी निकालेको देखी विष्णुगुप्तले गुरुका हातको डोरी तान्दै भन्न लागे- 'गुरुका सेवामा म छँदाछँदै किन कष्ट गर्नुहुन्छ, मलाई हजुर पाल्नुभएको थाहा भएन, क्षमा पाऊँ, पानी म निकाल्छु ।' गुरुका यस्ता वचन सुनेर अनायास नै विष्णुगुप्त (चाणक्य) लाई आफ्ना पिताको सम्झना आयो । उनलाई यस्तो लाग्न थाल्यो कि म अब आफ्नो प्रतिज्ञा अवश्य पूर्ण गर्न सक्छु ।

पण्डित राधामोहनले विष्णुगुप्तसँग भने- 'मेरा एउटा सहपाठी आचार्य पुण्डरीकाक्ष छन् जो आजकल तक्षशिलामा नै आचार्य पदमा छन । म उनका नाममा एउटा चिट्ठी लेखेर तिम्रो हातमा पठाइदिन्छु । ईश्वरले चाहे भने उनले तिम्रो प्रतिभाबाट प्रभावित भएर कुलपतिसँग तिम्रो प्रवेशका लागि अनुरोध अवश्य गर्नेछन् । अनि विष्णुगुप्त (चाणक्य) ले पत्र प्राप्त गरे र सहपाठीहरूसँग आँसु झार्दै झार्दै बिदाई र गुरूबाट आशीर्वाद लिएर तक्षशिलातिर प्रस्थान गरे ।

नम्रता र श्रद्धापूर्वक विष्णुगुप्तले भने- 'म अनाथ विष्णुगुप्त हुँ । विश्वविद्यालयमा विद्या आर्जन गर्ने इच्छा भएकाले हजुरका चरणको सेवा गर्न आएको हुँ र मैले राधामोहन गुरुजीबाट एउटा चिठी पनि ल्याएको छु' भनी चिठी आचार्यलाई दिए । क्रमश :

# वाणिज्य क्षेत्रका समस्या र सरकारको पहल



■ आनन्द भट्ट

> आर्थिक नीतिहरूमा पुनरवलोकन आवश्यक छ । स्वदेशी उत्पादन अभिवृद्धि र निर्यात प्रवर्द्धनमूलक कर तथा भन्सार नीति लागू गर्न पहल गर्ने, व्यापार वार्ता तथा सम्झौतामा राजस्वमात्र नभई समग्र अर्थतन्त्र विशेषगरी औद्योगिकीकरण निर्यात प्रवर्द्धन तथा रोजगारी सिर्जनामा पर्ने प्रभावलाई महत्व दिनेगरी व्यवस्था गर्नुपर्ने छ । कृषि, गैरकृषि र सेवा क्षेत्रमा आधुनिक प्रविधिको उपयोग गर्न सहजीकरण तथा प्रोत्साहन गर्ने तवरले भन्सार तथा कर नीतिको व्यवस्था गर्न पहल गर्न पनि उत्तिकै आवश्यक छ ।

नेपालको वाणिज्य क्षेत्रले बहुआयामिक चुनौतीको सामना गरिरहेको छ । उत्पादन, निर्यात र व्यापार सहजीकरणमा देखिएका समस्याहरूले व्यापार वातावरणलाई प्रभावित पारिरहेका छन् । कर नीति, भूमि व्यवस्थापन, व्यापार पूर्वाधारको अभाव र व्यापार साझेदार मुलुकहरूसँगको समन्वयमा देखिएको कमजोरी मुख्य चुनौतीका रूपमा देखिएका छन् ।

नेपालको भन्सार तथा कर नीतिले उत्पादन र निर्यातलाई प्रोत्साहन गर्नुपर्ने देखिएको छ । कच्चापदार्थमा बढी भन्सार शुल्कले उत्पादन लागत वृद्धि गरेको छभने तयारी वस्तुको प्रतिस्पर्धात्मकता कमजोर भएको छ । भूमि व्यवस्थापनका समस्याले कृषि उत्पादन लागत बढाउनाका साथै औद्योगिक विकासका लागि आवश्यक जग्गा उपलब्ध गराउन कठिनाइ गरेको छ । जग्गाको खण्डीकरणको कारण कृषि उत्पादन लागत बढी हुनु, औद्योगिक विकासका लागि जग्गा प्राप्तिमा कठिनाइ (मूल्य र प्रक्रिया) हुनु र जग्गा वर्गीकरणको प्रावधानको प्रभावकारी कार्यान्वयन नहुनुजस्ता समस्या यथावत् छन् ।

यस्तै, व्यापारजन्य पूर्वाधार (सडक, गोदाम, प्रयोगशाला, संकलन केन्द्र) को अभाव, अत्यधिक खर्च र उत्पादित वस्तुको गुणस्तर परीक्षण गर्ने मान्यताप्राप्त प्रयोगशालाको कमीले समस्या थपिएको छ । गन्तव्य मुलुकहरूले लागू गरेका गुणस्तर र स्वास्थ्य मापदण्ड पूरा गर्न नसक्दा नेपाली वस्तु निर्यात प्रभावित भएको छ । साथै, नेपाललाई उपलब्ध अतिकम विकसित राष्ट्रको व्यापार सहुलियतको अधिकतम उपयोग र आगामी विकासशील राष्ट्रमा स्तरोन्नतिपछि व्यापार क्षेत्रमा पर्न सक्ने असर न्यूनीकरण गर्न पर्याप्त तयारी नभएको अवस्था छ ।

उत्पादनलाई सहयोग पुग्नेगरी अनुदान व्यवस्थापन गर्न नसक्नु अर्को समस्या हो । अनुदानका लागि सरकारले निकै कम बजेट विनियोजन गर्ने गरेको छ । त्यस्तै, मौद्रिक नीतिले औद्योगिक विकास र निर्यात प्रवर्द्धनलाई पर्याप्त मात्रामा प्राथमिकता दिन सकेको छैन । औद्योगिक विकास र निर्यात प्रवर्द्धनको विषय प्रदेश र स्थानीय तहको नीतिगत प्राथमिकतामा पर्न सकेको छैन । प्रमुख निर्यातजन्य वस्तुको उत्पादन र निर्यात प्रवर्द्धनमा सम्बन्धित निकायहरूबाट पर्याप्त मात्रामा समन्वय र सहयोग भएको देखिँदैन । उदाहरणका लागि, हाम्रो वनसम्बन्धी कानुन निकै संरक्षणमुखी रहेको भनेर आलोचना हुने गरेको छ ।

साधारण खर्च अत्यधिक हुनु, नेपाली उत्पादन प्रतिस्पर्धी हुन नसक्नु, निर्यातजन्य वस्तुहरूको संख्या र उत्पादन परिमाण सीमित हुनु, उत्पादित वस्तुको गुणस्तर परीक्षण गर्ने मान्यता प्राप्त प्रयोगशालाको कमी हुनुजस्ता अनेक समस्या नेपालको वाणिज्य क्षेत्रले भोगिरहेको छ । 'प्याकेजिङ, लेबलिङ, ब्रान्डिङ' पक्ष कमजोर भई अन्तर्राष्ट्रिय बजारमा बजारीकरण गर्न नसक्नु पनि अर्को समस्या रहेको छ ।

विदेशस्थित नेपाली नियोगहरूलाई निर्यात प्रवर्द्धन र वैदेशिक लगानी आकर्षणमा प्रभावकारीरूपमा परिचालन गर्न नसक्नु, निर्यात सम्भाव्य बजारको पर्याप्त सूचना संकलन र विश्लेषण कमजोर हुनु, व्यापारजन्य बौद्धिक सम्पत्तिको (ट्रेड मार्क)को उचित संरक्षण नहुनुलगायतका विषयहरू पनि पेचिलो रूपमा देखिएका छन् ।

अत्यावश्यक वस्तु तथा सेवाको उत्पादन, उपभोग, आयात र मौज्दातको यथार्थपरक तथ्यांकको कमी छ । कृषिजन्य तथा अन्य उपभोग्य वस्तुको उत्पादन र उत्पादकत्व वृद्धि हुन सकेको छैन । स्थानीयस्तरमा उत्पादन भएका वस्तुको सहज बजार पहुँच तथा बिक्री सुनिश्चितता गर्न सकिएको छैन । उदाहरणका लागि तरकारी, दूध, फलफूललगायतका छिट्टै बिग्रने वस्तु बिक्री नभएर नष्ट गर्नु परेका समाचारहरू आउने गरेका छन् ।

आन्तरिक आपूर्ति शृंखला पारदर्शी र पूर्वानुमानयोग्य छैन । उत्पादक र उपभोक्ताबीच अनावश्यकरूपमा बिचौलिया हाबी हुँदा उत्पादकले कम मूल्यमा बिक्री गर्नुपर्ने र उपभोक्ताले उच्च मूल्यमा खरिद गर्नुपर्ने अवस्था छ । स्थानीयस्तरमा संकलन तथा भण्डारणगृह र शीतभण्डारको उचित व्यवस्थापन गर्न सकिएको छैन । व्यापार साझेदार मुलुकका अत्यावश्यक वस्तुको निर्यात नीतिमा हुने परिवर्तनले पनि नेपालको वैदेशिक व्यापारलाई प्रभावित तुल्याउने गरेको छ । नेपालको व्यापार साझेदार मुलुकले निर्यात रोक्दा आपूर्ति असहज हुने र अनुदान दिँदा स्वदेशी उत्पादन निरुत्साहित हुने गरेको देखिन्छ ।

विश्वका ठूला अर्थतन्त्रबीच हुने व्यापार द्वन्द्व, विभिन्न भूभागमा जारी युद्धजस्ता कारणले आयातीत वस्तुको अभाव र मूल्यवृद्धि हुने गरेको छ । विकसित र विकाशोन्मूख मुलुकले नेपालजस्ता अतिकम विकसित मुलुकलाई उपलब्ध गराएका सहुलियतको उपयोग गर्न सकिएको छैन । यी अनेक समस्याका बाबजुद केही समाधानका प्रयासहरू पनि भइरहेका छन् । समग्र नतिजा देखिन केही समय भने लाग्ने छ ।

## समस्या समाधानका लागि भएका प्रयास

वाणिज्य क्षेत्रलाई व्यवस्थित बनाउन सरकारले विभिन्न पहलहरू अघि सारेको छ । अमेरिकासँग व्यापार तथा लगानी सम्झौता परिषद्को सातौं बैठक काठमाडौंमा आयोजना भई नेपाललाई हाल प्राप्त भइरहेको व्यापार सहुलियत विस्तार एवं निन्तरताका लागि पहल भएको छ । वाणिज्य नीति, २०८१ स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पेस भई स्वीकृतिको प्रक्रियामा रहेको छ । विश्व व्यापार संगठनबाट गरिने नेपालको तेस्रो व्यापार नीति पुनरवलोकनको पूर्वतयारीका लागि सरोकारवाला सम्पूर्ण निकायहरूको उपस्थितिमा विश्व व्यापार संगठनबाट आएको मिसनसँग बृहत् छलफल तथा अन्तरक्रिया सम्पन्न भएको छ । पुरानो निकासी पैठारी ऐनलाई प्रतिस्थापन गरी नयाँ ऐन बनाउन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले विधेयक मन्त्रिपरिषद्मा पेस गरेको छ । निर्यातमा नगद अनुदान प्रदान गर्ने कार्यविधि स्वीकृत गर्न मन्त्रिपरिषद्मा पेस भएको छ । विद्युतीय व्यापारसम्बन्धी विधेयक राष्ट्रियसभाबाट पास भई प्रतिनिधिसभामा विचाराधीन छ ।

नेपाल-भारत वाणिज्य सचिवस्तरीय अन्तरसरकारी समितिको बैठक आयोजना गर्न आवश्यक तयारी भइरहेको छ । नेपाल-चीनबीचको तिब्बत सरकारको सचिवस्तरीय द्विपक्षीय सीमानाका सहयोगसम्बन्धी बैठक यही मंसिर १३ गते काठमाडौंमा बस्दै छ भने अस्ट्रेलियासँग व्यापार तथा लगानी समितिको बैठक आयोजना गर्ने तयारी पनि भइरहेको छ ।

दोधारा चाँदनीमा एकीकृत जाँच चौकी निर्माणका लागि सम्झौता गरी निर्माण कार्य सुरु गर्ने तयारी भइरहेको छ । यसबाट पश्चिम क्षेत्रबाट हुने अन्तर ाष्ट्रिय व्यापारमा सहजीकरण हुने अपेक्षा गरिएको छ । कोरला नाकामा सुक्खा बन्दरगाह निर्माणका लागि चिनियाँ पक्षबाट डिपिआर तयार गरी निर्माण कार्यमा आर्थिक सहयोग उपलब्ध गराइदिन पहल भइरहेको छ । नेपाल व्यापार एकीकृत रणनीति, २०८० को कार्यक्रम स्वीकृति तथा बजेट बाँडफाँट गरी सम्बन्धित निकायमा अख्तियारी पठाइएको छ । राष्ट्रिय व्यापार सहजीकरण समितिको बैठक आयोजना भई व्यापारसम्बन्धी देखिएका समस्या समाधान गर्ने पहल भइरहेको छ । यसो गर्नसके समग्र व्यापार सहजीकरण भई नेपालको वस्तु अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी बन्न सहयोग पुग्ने छ ।

त्यस्तै, विदेशस्थित नेपाली नियोगहरूसँग व्यापार तथा लगानीका सम्बन्धमा 'भर्चुअल' माध्यमद्वारा नियमित छलफल कार्यक्रम आयोजना हुन लागेको छ । यसले बजार पहुँच, निर्यात प्रवर्द्धन र वैदेशिक लगानी वृद्धि हुने अपेक्षा छ । त्यस्तै, गैरआवासीय नेपालीसँग नेपालको निर्यात प्रवर्द्धन र नेपालमा लगानी भित्र्याउने सम्बन्धमा भर्चुअल माध्यमद्वारा छलफल कार्यक्रम आयोजना हुन लागेको छ । व्यापार घाटा न्यूनीकरणसम्बन्धी राष्ट्रिय कार्ययोजनाको प्रभावकारी कार्यान्वयन गर्न सरोकारवाला निकायहरूसँग समन्वय भइरहेको छ ।

## आगामी कार्यदिशा

नेपालले व्यापार क्षेत्रमा देखिएका समस्या समाधानका लागि द्विपक्षीय संयन्त्रको क्रियाशीलतामा जोड दिएको छ । प्रमुख निर्यात गन्तव्य मुलुकहरूसँग द्विपक्षीय सम्झौतालाई पुनरवलोकन गरी नेपालको हितमा बनाउने तयारी र गृहकार्य गरिने छ । बहुपक्षीय व्यापार प्रणालीको अधिकतम् उपयोग गर्न विश्व व्यापार संगठनसँग वार्ता तथा पैरवी गरिने छ । व्यापार पूर्वाधार विकासका लागि सुक्खा बन्दरगाह, गोदाम र पार्किङ क्षेत्र निर्माण योजनामा छ । यस्तै, व्यापार प्रवर्द्धनका लागि डिजिटल प्रणालीलाई प्रवर्द्धन गरिने, विदेशी बजारका मापदण्डहरू अध्ययन गरी अनुकूल उत्पादन बढाइने र निर्यात क्षमता अभिवृद्धि गर्न निजी क्षेत्रलाई तालिम प्रदान गरिने छ ।

नेपाल-भारत व्यापार सन्धि पुनरवलोकनका लागि चौथो चरणको वार्ता गरी अन्तिम रूप दिने र पारवहन सन्धि पुनरवलोकनका लागि प्रस्तावित 'लेटर अफ एक्सचेञ्ज' लाई अन्तिम रूप दिने तयारी भइरहेको छ । नेपालको दोस्रो ठूलो वैदेशिक व्यापार गर्ने मुलुक चीनसँगको व्यापार तथा भुक्तानी सम्झौता पुनरवलोकन प्रक्रियामा रहेको छ । त्यस्तै, नेपाल-चीन सीमा व्यापार समन्वय संयन्त्रको सचिवस्तरीय बैठक र नेपाल चीनको तिब्बत व्यापार सहजीकरण समितिको बैठक चाँडै बस्नेगरी तयारी थालिएको छ ।

दक्षिण कोरियासँग व्यापार तथा लगानीसम्बन्धी खाका समझदारीपत्रमा हस्ताक्षर गर्ने र भियतनामसँग व्यापार तथा लगानी सम्झौता गर्ने तयारी पनि सरकारको छ । नेपाल-बंगलादेश बीचका द्विपक्षीय व्यापार संयन्त्रको नियमित बैठक गर्ने प्रयास भइरहेको छ । बंगलादेशसँग सौविध्यपूर्ण व्यापार सम्झौताका लागि र भुटानसँग व्यापार सम्झौताको वार्ता गर्ने तयारी छ । विभिन्न क्षेत्रीय तथा उपक्षेत्रीय संयन्त्रमा सहभागिता जनाउने विषय पनि सरकारको उत्तिकै प्राथमिकतामा छ । साफ्टाअन्तर्गतका संयन्त्रको बैठक आयोजना गर्ने तथा सहभागी हुने, बिमस्टेक व्यापार सम्झौतासम्बन्धी वार्तामा सहभागी हुने, जिएसपी प्लस सुविधा सम्बन्धमा युरोपियन युनियनसँग वार्ता गर्ने, बिबिआइएनअन्तर्गतका संयन्त्रको बैठकमा सहभागी हुनेलगायतका योजना सरकारले अघि सारेको छ ।

बहुपक्षीय व्यापार प्रणालीको महत्तम उपयोगमा जोड दिइएको छ । विश्व व्यापार संगठनमा वार्ताका क्रममा रहेका सम्झौताहरूमा नेपालको हित हुनेगरी वार्ता तथा पैरवी गर्ने, विकासशील राष्ट्रमा स्तरोन्नतिपश्चात्समेत अतिकम विकसित राष्ट्रको रूपमा हाल प्राप्त व्यापारजन्य सहुलियत एवं सुविधाहरू निरन्तरताका लागि पहल गर्ने, प्रतिव्यक्ति आयको प्रावधान पूरा नभई स्तरोन्नति हुने एकमात्र मुलुक रहेको तथा सन् १९९० को मूल्यमा हालसम्म पनि नेपालको प्रतिव्यक्ति आय अमेरिकी डलर एक हजारभन्दा कम रहेकाले विश्व व्यापार संगठनअन्तर्गतको 'एग्रिमेन्ट अन सब्सिडी एन्ड काउन्टरभेलिङ मेजर्स'को अनुसूची ७ मा निर्यात अनुदान सुविधा दिन पाउने राष्ट्रका रूपमा नेपाललाई समेत सूचीबद्ध गर्न पहल गर्नेलगायतका काम गर्नुपर्ने छ ।

व्यापार पूर्वाधार विकासतर्फ व्यापार गुरूयोजना तयार गर्ने, भैरहवा एकीकृत जाँच चौकीको र रसुवा सुक्खा बन्दरगाहको निर्माण सम्पन्न गर्ने, दोधारा चाँदनीमा सुक्खा बन्दरगाह निर्माण थाल्ने, कोरला नाकामा सुक्खा बन्दरगाह निर्माणको डिपिआर तयार गरी निर्माण कार्य सुरु गर्नेलगायत योजना सरकारका छन् । त्यस्तै, वीरगञ्ज एकीकृत जाँच चौकीमा पार्किङ र गोदाम तथा वीरगञ्ज आइसिडीमा कन्टेनर यार्ड निर्माण गर्ने तयारी छ । विराटनगर एकीकृत जाँच चौकीमा सडक, गोदाम र पार्किङ यार्ड निर्माण गर्नुपर्ने छ ।

निर्यात प्रवर्द्धनका लागि नेपाल विकासशील राष्ट्रमा स्तरोन्नति भएपश्चात् व्यापारमा पर्ने असर न्यूनीकरणका लागि रणनीति तर्जुमा गरी कार्यान्वयनमा ल्याउनुपर्ने छ । विश्व व्यापार संगठनमा हुने व्यापार नीति पुनरवलोकनका लागि नेसनल कन्ट्री रिपोर्टको मस्यौदा तयार पार्न नेपाल व्यापार एकीकृत रणनीतिले पहिचान गरेका वस्तुको मूल्य अभिवृद्धि गरी निर्यात प्रतिस्पर्धी बनाउने, नेपाली वस्तुको निर्यात प्रवर्द्धनका कार्यक्रम सञ्चालन गर्ने, केही प्रमुख मुलुकका गैरआवासीय नेपाली सम्बन्धित संस्थासँग निर्यात प्रवर्द्धन तथा प्रत्यक्ष वैदेशिक लगानी सम्बन्धमा भर्चुअल माध्यमद्वारा अन्तरक्रिया गर्नेलगायत काम सरकारले गर्नुपर्ने छ ।

बहुविधिक ढुवानी ऐन र नियमावली संशोधनका लागि मस्यौदा तयार गरी मन्त्रिपरिषदमा पेस गर्नुपर्ने छ । नेपाल इन्टरमोडल यातायात विकास समिति, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र र नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेडको संस्थागत संरचना, कार्यक्षेत्र तथा संगठन तथा व्यवस्थापन पुनरवलोकन आवश्यक छ । नियमावली तथा कार्यविधिमार्फत व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको संस्थागत सुदृढीकरण गर्ने, व्यापार सूचना र अन्तर्राष्ट्रिय बजार तथा गन्तव्य बजारका सर्तको विश्लेषण गरी व्यापार इन्टेलिजेन्सको प्रभावकारिता बढाउनुपर्ने छ । वस्तु तथा सेवाको विकास र मूल्य अभिवृद्धि गर्ने, विद्युतीय प्रणालीमार्फत व्यापार सहजीकरणलाई स्वचालित बनाउने, व्यापार तथा निकासी प्रवर्द्धन सम्बद्ध पूर्वाधारमा लगानी बढाउनेलगायत कार्यमा तीव्रता दिनुपर्ने छ । निर्यात सहयोगी वित्त लगानी प्रवर्द्धन गर्ने, व्यापार क्षमता अभिवृद्धि गर्न निजी क्षेत्रलाई तालिम उपलब्ध गराउनेजस्ता कार्यमा पनि जोड दिन आवश्यक छ ।

नेपालमा आयात हुने तथा नेपालबाट निर्यात हुने विशिष्ट र संवेदनशील वस्तुको आयात-निर्यात व्यवस्थापन र नियमनका लागि लिनुपर्ने रणनीति पहिचान गर्न विस्तृत अध्ययन गर्ने योजना छ । साफ्टा कार्यान्वयनबाट नेपालको अर्थतन्त्रमा परेको प्रभाव अध्ययन गर्ने, भारतीय आन्तरिक जलमार्ग प्रयोगको सम्भावना पहिचान गर्न भारतीय सरोकारवाला अपरेटरसँग छलफल गर्ने, कोलकातादेखि नेपालसम्म ट्रक ढुवानी सेवा सञ्चालनको व्यापारिक ढाँचा तयार गर्नेलगायतका विषय पनि उत्तिकै प्राथमिकतामा छन् ।

आर्थिक नीतिहरूमा पुनरवलोकन आवश्यक छ । स्वदेशी उत्पादन अभिवृद्धि र निर्यात प्रवर्द्धनमूलक कर तथा भन्सार नीति लागू गर्न पहल गर्ने, व्यापार वार्ता तथा सम्झौतामा राजस्वमात्र नभई समग्र अर्थतन्त्र विशेषगरी औद्योगिकीकरण निर्यात प्रवर्द्धन तथा रोजगारी सिर्जनामा पर्ने प्रभावलाई महत्त्व दिनेगरी व्यवस्था गर्नुपर्ने छ । कृषि, गैरकृषि र सेवा क्षेत्रमा आधुनिक प्रविधिको उपयोग गर्न सहजीकरण तथा प्रोत्साहन गर्ने तवरले भन्सार तथा कर नीतिको व्यवस्था गर्न पहल गर्न पनि उत्तिकै आवश्यक छ ।

औद्योगिकीकरण र निर्यात प्रवर्द्धनमा योगदान पुग्नेगरी बजेट विनियोजन गर्न पहल गर्ने, स्तरोन्नतिका सन्दर्भमा चुनौतीको सामना गर्दै निर्यात प्रवर्द्धन गर्न छुट्टै रणनीतिक दस्तावेज तयार पार्ने, सम्बन्धित कूटनीतिक नियोगले आर्थिक कूटनीति प्रवर्द्धनमा काम गर्न उत्प्रेरित र निर्देशित गर्ने, व्यापार तथा आर्थिक मामिलाको विषयमा कर्मचारीलाई तालिम तथा अभिमुखीकरण दिने, निर्यात प्रवर्द्धनका आधारमा नियोग प्रमुखको कार्यसम्पादन मूल्यांकन हुने प्रणाली अवलम्बन गर्न पहल गर्नेलगायतका काम गर्न उत्तिकै जरुरी छ । कूटनीतिक नियोगले गरेको प्रवर्द्धनात्मक गतिविधि तथा निर्यात वृद्धिलाई आधार बनाई आर्थिक कूटनीतिसम्बन्धी बजेट विनियोजन व्यवस्थाका लागि पहल गर्न पनि आवश्यक छ ।

सस्तो लोकप्रियतामार्फत नकारात्मकता फैलाउने र यो देशमा केही गर्न सकिँदैन भन्ने भाष्य निर्माण गरी अराजकता सिर्जना गर्न केही तत्त्व सुनियोजितरूपमा पछिल्लो समय नेपाली समाजमा सक्रिय रहेको पाइन्छ । तर, अहिले समाजमा देखापरेका विभिन्न अफवाह र भ्रमका बाबजुद उद्योग मन्त्रालयले केही महत्त्वपूर्ण र दूरगामी योजनामार्फत समग्र नेपालको वाणिज्य क्षेत्रको सुधारको कार्ययोजना नै बनाएर प्रधानमन्त्री केपी शर्मा ओलीको 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकांक्षा पूरा गर्न मन्दीदेखि समृद्धितर्फको यात्रा तय गरेको छ । चरम निराशामा व्याप्त नेपाली समाजलाई परिणाममार्फत आशामा परिणत गर्न अहिलेको मुख्य चुनौती हो । हरेक राजनीतिकर्मी र राष्ट्रसेवक कर्मचारीले इमान्दारीपूर्वक सेवा प्रवाहमा केन्द्रित भई कार्यसम्पादन गर्ने हो भने छोटो समयमा नै ठोस उपलब्धिसहित समाजमा व्याप्त निराशालाई चिर्दै आशाका सुनौला किरण छर्न सकिन्छ । *रासस*

## पृष्ठ १ बाट क्रमशः

### करिब १८...

२१ हजार ९१० योदानकर्ता र कर्णाली प्रदेशमा २६५ रोजगारदातामार्फत एक हजार ९२६ योगदानकर्ता तथा सुदूरपश्चिम प्रदेशमा २९१ रोजगारदातामार्फत दुई हजार ६९८ योगदानकर्ता कोषमा आबद्ध भएको अधिकारीले बताए । कोषले औपचारिक, अनौपचारिक र वैदेशिक रोजगारीमा जाने श्रमिकलाई यस योजनामा आबद्ध गराउँदै आएको छ । सोहीअनुसार वैदेशिक रोजगारीमा गएकामध्ये १२ लाख ५० हजार श्रमिक कोषमा आबद्ध भएको कोषको तथ्यांकमा उल्लेख छ । यो योगदानकर्ताको ७० प्रतिशत हिस्सा हो ।

सरकारले वैदेशिक रोजगारीमा जाने श्रमिकलाई कोषमा आबद्ध गराएको दुई वर्षमात्रै भएको अधिकारी बताउँछन् । तर, ठूलो संख्याका श्रमिक कोषमा आबद्ध भएका हुन् । हाल वैदेशिक रोजगारीमा जानुअघि अनिवार्य सामाजिक सुरक्षा कोषमा आबद्ध हुनुपर्ने बाध्यकारी व्यवस्था छ ।

यसबाहेक अनौपचारिक क्षेत्रमा कार्यरत ३०७ जना र स्वरोजगारको क्षेत्रमा कार्यरत २२७ जना श्रमिक पनि कोषमा आबद्ध छन् । कोषले योगदानकर्तासँगै उनीहरूका परिवारले पनि औषधि उपचार सुविधा पाउने नयाँ व्यवस्था गरेको जानकारी दिएको छ । कोषका कार्यकारी अधिकृत अधिकारीले प्रभावसँग भने, 'पहिले वैदेशिक क्षेत्रका श्रमिकले मात्र औषधोपचार पाउने गरेकामा अहिले उनीहरूका श्रीमान्, श्रीमती र १८ वर्ष नकटेका छोराछोरीलाई समेत यो सुविधा थप गरिएको छ ।'

उनका अनुसार कोषमा अहिलेसम्म विभिन्न योजनामार्फत योगदानकर्ताबाट ६८ अर्ब ६८ करोड रूपैयाँ जम्मा भइसकेको छ । यसमध्ये औपचारिक क्षेत्रबाट सबैभन्दा बढी वृद्ध अवस्था सुरक्षा योजनामा ५३ अर्ब ७३ करोड १९ लाख ५४ हजार रूपैयाँ जम्मा भएको छ । दुर्घटना तथा अशक्तता सुरक्षा योजनामा दुई अर्ब ६५ करोड आठ हजार, औषधि उपचार, स्वास्थ्य तथा मातृत्व योजनामा एक अर्ब ८९ करोड २९ लाख १४ हजार रूपैयाँ जम्मा भएको कोषको तथ्यांकमा उल्लेख छ ।

आश्रित परिवार सुरक्षा योजनामा ५१ करोड १० लाख ८४ हजार २१ र वैदेशिक रोजगारीमा गएका श्रमिकबाट पौने तीन अर्ब रूपैयाँ जम्मा भएको छ । यस्तै, वैदेशिक रोजगारीमा गएका श्रमिकबाट विभिन्न योजनामार्फत दुई अर्ब ८२ करोड ४६ लाख ४१ हजार रूपैयाँ जम्मा गरेको कोषले सार्वजनिक गरेको छ । यसमा दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनामार्फत ९८ करोड ५१ लाख ८५ हजार रूपैयाँ जम्मा भएको छ । वैदेशिक रोजगारीमा गएका श्रमिकबाटै वृद्ध अवस्था सुरक्षा योजनामा एक अर्ब ८३ करोड ९४ लाख ५५ हजार रूपैयाँ जम्मा भएको छ ।

अनौपचारिक क्षेत्रका श्रमिकबाट औषधि उपचार, स्वास्थ्य तथा मातृत्व योजनामा २० लाख ५९ हजार र वृद्ध अवस्था सुरक्षा योजनामा २० लाख १५ हजार रूपैयाँ जम्मा भइसकेको छ । स्वरोजगारको क्षेत्रबाट औषधि उपचार, स्वास्थ्य तथा मातृत्व योजनामा ९४ हजार, दुर्घटना तथा अशक्तता सुरक्षा योजनामा एक लाख ३२ हजार, आश्रित परिवार सुरक्षा योजनामा २५ हजार र वृद्ध अवस्था सुरक्षा योजनामा २८ लाख ६१ हजार रूपैयाँ जम्मा भएको तथ्यांक छ ।

औषधोपचार तथा मातृत्व योजनामा कोषले तीन लाख ७४ हजार १०० वटा दावीबापत एक अर्ब ४८ करोड १९ लाख आठ हजार रूपैयाँ भुक्तानी गरेको छ । सात हजार ११७ वटा दाबीबापत १५ करोड २० लाख रूपैयाँ दुर्घटना तथा अशक्त सुरक्षा योजनामा ५८७ श्रमिकका परिवारलाई १८ करोड ५४ लाख रूपैायँ आश्रित परिवार सुरक्षा योजनाअन्तर्गत भुक्तानी गरेको छ । वृद्धावस्था सुरक्षा योजनाअन्तर्गत नौ अर्ब ८० करोड रूपैयाँ गरी ११ अर्ब ६२ करोड रूपैयाँ कोषका योगदानकर्ता र निजका परिवारलाई भुक्तानी गरिसकेको कोषले जनाएको छ ।

अर्थराजनीतिका विश्लेषक हरि रोका सामाजिक सुरक्षा योजनाले मानिसहरूलाई राज्यप्रति निर्भरता बढाएको बताउँछन् । सामाजिक सुरक्षा भने नबढाएको उनको निष्कर्ष छ । उनले भने, 'विनाअनुसन्धान हचुवाका भरमा राजनीतिक उद्देश्यले मेरो सरकारले यो गऱ्यो भन्नलाई सामाजिक सुरक्षा योजना ल्याइएको हो । यसले काम गरिखाने संस्कृतिमा ह्रास ल्यायो र परनिर्भरता बढाउँछ ।'

यद्यपि, कोषले आफ्नो दायरा बढाएको छ । हाल कोशीको विराटनगर, मधेसको सिमरा र जनकपुर, लुम्बिनीको बुटवल र नेपालगञ्ज तथा गण्डकीको पोखरामा कार्यालय स्थापना गरेको छ । चालु आर्थिक वर्षमै कर्णालीको सुर्खेत र सुदूरपश्चिम प्रदेशको धनगढीमा कार्यालय स्थापना गर्ने योजना कोषको छ ।

■■■

### कोषलाई अझ...

सातौं सामाजिक सुरक्षा कोष दिवसका अवसरमा मंगलबार आयोजित समारोहमा उनले भने, 'अब कसैले अनाथ भएँ भन्नु पर्दैन, अनाथ भएर मैले अभिभावकत्व पाइनँ भन्ने स्थिति हुने छैन, मेरो रेखदेख गर्ने कोही छैन भन्ने अवस्था कसैको हुने छैन ।'

उनले आफू नेतृत्वको सरकार सामाजिक न्याय र समानतासहित समृद्धिको यात्रामा हिँडेको दाबी गरे । त्यही भएर सरकारले कसैलाई एक्लो र असहाय हुन नदिने प्रतीज्ञा गरे । उनका अनुसार आगामी ९० दिनपछि योगदानकर्ताका छोराछोरीले पनि कोषबाट लाभ पाउने र एक लाखभन्दा बढी उपचार खर्च लाग्ने योगदानकर्तालाई लाग्ने खर्चको ५० प्रतिशत कोषबाट व्यहोरिने छ ।

# बदलिँदै दुर्गमको परिचय

**बलेवा (बागलुङ)**– काठमाडौंको बसपार्क क्षेत्रमा सञ्चालनमा रहेको 'होटल'को शाखा अहिले गुल्मीको कालीगण्डकी गाउँपालिका-२ अर्बेनीमा फस्टाइरहेको छ । दुवै छिमेकी राष्ट्र भारत र चीनलाई जोड्ने छोटो दूरीको कालीगण्डकी करिडोरले काठमाडौंमा चलिरहेको होटलको शाखा अर्बेनीमा ल्याएको हो ।



पहाडी जिल्लाका लागि कोशेढुंगा बनिरहेको करिडोर धमाधम कालोपत्र हुन थालेपछि होटलका सञ्चालक बाबुराम न्यौपाने काठमाडौं छाडेर अर्बेनी आए । काठमाडौंमा चलेको होटल छोराको जिम्मा लगाए । अर्बेनी झरेका न्यौपाने दम्पतीलाई अहिले उत्तरबाट दक्षिण र दक्षिणबाट उत्तर घुम्न आउने पर्यटकलाई स्वागत गर्न भ्याइनभ्याई छ ।

राष्ट्रिय गौरवको यो आयोजनाले धेरै ग्रामीण क्षेत्रलाई जोड्दै उत्तर-दक्षिण छोएको छ । कालीगण्डकी नदीको किनारैकिनार बनेको राजमार्गले बागलुङ र पर्वतका दुर्गम गाउँलाई सहरसँग जोडेको छ । यसले गर्दा ग्रामीण क्षेत्रमा विस्तारै व्यावसायिक वातावरण बन्दै छ ।

गुल्मीमा न्यौपानेमात्र होइन सदरमुकामबाट टाढा रहेका दुर्गम बस्तीलाई राष्ट्रिय राजमार्गले जोडेपछि गाउँको परिचय बदलिएको छ । कयौं होटल तथा रेस्टुरेण्ट व्यवसायी करिडोर आसपासमा व्यवसाय सुरु गरेका छन् भने कुना-कन्दराका किसानले उत्पादनको बजारीकरणको सम्भावना देख्न थालेका छन् । आर्थिक वर्ष २०६७/६८ बाट निर्माण सुरु भएको आयोजनाको कालोपत्रको गर्ने काम तीव्रगतिमा भइरहेको छ । नेपाल-भारत बेलहिया (सुनौली) नाकाबाट मुस्ताङको कोरलानाका जोड्ने उद्देश्यले सुरु गरिएको उत्तर-दक्षिण व्यापारिक पारवहनमार्ग कालीगण्डकी करिडोर ४३५ किलोमिटर लामो छ ।

कालीगण्डकी करिडोर (गैँडाकोट, राम्दी मालढुंगा) सडक आयोजनाले झण्डै २०० किलोमिटर कालोपत्रको चरणमा छ । 'पर्यटकमात्र यो बाटो भएर हिँड्दा पनि व्यावसायिक वातावरण बन्छ,' होटल व्यवसायी न्यौपानेले भने, 'ठूला सहरभन्दा नयाँ राजमार्गको आसपासका व्यवसाय फस्टाउँदो देखेर नै लगानी गरेका छौं ।'

करिडोरको पूर्व नवलपरासीको गैँडाकोटबाट बागलुङको मालढुंगा तल्लो खण्ड २४० किलोमिटर छ । यस्तै मालढुंगाबाट मुस्ताङको चीन जोड्ने कोरलानाकाको दूरी १९५ किलोमिटर छ । दुवै खण्डमा धमाधम स्तरोन्नति र कालोपत्रको काम चलिरहेकाले व्यावसायिक वातावरण बढ्दै गएको बागलुङ सरंगेका व्यवसायी विजय केसीले बताए ।

बुटवलबाट अब बागलुङ सदरमुकाम १५० किलोमिटर दूरीमा खुम्चिएको छ । नारायणगढ, मुग्लिन, पोखरा हुँदै बागलुङ जान दैनिक आठदेखि १० घण्टाको यात्रा अब चार घण्टामा छोटिँदै छ । यो सडक निर्माण पूरा भएसँगै देशको मुहार फेर्ने देखिन्छ । मालढुंगा, बेनी, जोमसोम हुँदै कोरला १९५ किलोमिटरको सडक ट्र्याक विस्तारको काम तीव्रगतिमा भइरहेको छ ।

माथिल्लो खण्ड बेनी तातोपानी, तातोपानी घाँसा, घाँसा कागबेनी, कागबेनीहुँदै जोमसोम खण्डमा ठेक्का लगाएर काम भइरहेको छ । यो १९५ मिटर खण्डको लागत छ अर्ब रूपैयाँभन्दा बढी छ । करिडोर ११ मिटर चौडाइको हुन्छ । त्यसमध्ये सात मिटर कालोपत्र र दायाँ-बायाँ एक-एक मिटर किनारा तथा एक मिटरको नाली निर्माण गरिएको छ । करिडोरका लागि सरकारले बजेटको सुनिश्चितता गर्न नसक्नु, प्रत्येक वर्ष बजेट कटौतीले लक्ष्यअनुरूप काम हुन नसकेको हर्मिचौर-बलेवा ४४ किलोमिटर खण्डमा कालोपत्रको काम गरिरहेको कालिका कन्ट्रक्सनका प्रतिनिधि छकबहादुर गुरुङले बताए ।

करिडोरले दुई प्रदेशका छ जिल्लाका २० लाख बढी जनसंख्यालाई सीधा सडक सञ्जालमा जोड्दै छ । करिडोरले यी क्षेत्रको कृषिजन्य उत्पादन, पर्यटन विकास, विद्युत् उत्पादनमा समेत ठूलो सहयोग पुऱ्याएको छ । 'एक दशकअघिसम्म सडक सञ्जालले जोड्न नसक्दा गाउँबाट ठूलो संख्यामा सहरमा बसाइँसराइ गर्ने क्रम थियो,' बागलुङको जैमिनी नगरपालिकाका उपप्रमुख हरिहर शर्मा भने, 'जब करिडोरको ट्र्याक खुल्यो, तब बसाइँ सरेर केही मात्रामा भए पनि रोकिएसँगै धेरै आयामहरूको परिवर्तन ल्याएको छ ।'

करिडोरका कारण जनताको जीवनस्तरमा परिवर्तन आएको छ । व्यापार व्यवसायदेखि कृषि उत्पादनमासमेत वृद्धि भएको छ । किसानको उत्पादन गाउँदेखि सहरसम्म पुऱ्याउन सकिएको स्थानीय शिक्षक राजेन्द्र शर्मा बताउँछन् । चिनियाँ बौद्ध धर्मावलम्बीहरू बौद्ध शिक्षा अध्ययनका लागि लुम्बिनी तथा भारतको पटना यही मार्ग भएर पुगेको विश्वास गरिन्छ । भारतीय व्यवसायी कालीगण्डकीको किनारैकिनार चीनको कोरला पुग्ने गर्थे ।

कालीगण्डकीको किनारैकिनार निर्माणाधीन करिडोरलाई सरकारले आर्थिक समृद्धिको 'लाइफलाइन' भन्दै राष्ट्रिय गौरवको आयोजनामा राखेको छ । गरिबी निवारण, दिगो आर्थिक विकास र विकेन्द्रीकरणमा सहयोग पुऱ्याउने अवधारणाअनुसार १३ वर्षअघिदेखि निर्माण सुरू भएको करिडोरमा नेपाली सेना र सडक विभागले ट्र्याक खोल्ने काम गरेका थिए । *रासस*


बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय/पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
बागमती प्रदेश, हेटौंडा

**समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम कार्यान्वयनका लागि वडा छनौट सम्बन्धी दोस्रो पटक प्रकाशित सूचना**

(प्रकाशित मिति: २०८१/०८/१२)

कृषि विकास निर्देशनालय, हेटौडा र पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, हेटौडाको आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम (नयाँ) कार्यान्वयन गर्न इच्छुक बागमती प्रदेश भित्रका स्थानीय तहहरुबाट यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र कार्यालय समयमा आइपुग्ने गरी प्रस्ताव पेश गर्नुहुन **पून:** सूचना आह्वान गरिएको छ ।

**द्रष्टव्य:** विस्तृत जानकारीको लागि निर्देशनालयहरूको वेबसाइट dolfd.bagamati.gov.np वा doad.bagamati.gov.np हेर्नु हुन अनुरोध छ ।

निर्देशक



करैयामाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
करैया, बारा
मधेश प्रदेश, नेपाल

**विषय:- आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना ।**

**प्रथम पटक प्रकाशित मिति: २०८१/०८/१२**

उपरोक्त सम्बन्धमा आ.व.२०८१/०८२ मा यस कार्यालयको मिति २०८१/०६/१५ गते प्रभाव दैनिक पत्रिकामा प्रकाशित बोलपत्र सूचना अनुसार **e–bidding** मार्फत दाखिला हुन आएका बोलपत्रहरु मध्ये सारभूत रुपमा प्रभावग्राही तपसिल बमोजिमका बोलपत्रदाताहरुको प्राबिधिक प्रस्ताव छनौट भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ङ) ५ अनुसार आर्थिक प्रस्ताव खोलि मुल्यांकन प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाताहरुलाई उपस्थितिको लागि सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | ठेक्का नं. र नाम | प्राबिधिक पक्षमा सारभूत रुपमा प्रभावग्राही सफल बोलपत्रदाताको नाम र ठेगाना | आर्थिक प्रस्ताव खोल्ने स्थान, मिति र समय |
|---|---|---|---|
| १ | KRM/NCB/W/01/2081/082 (Construction of Blacktopped Road and RCC Drain from Karaiya-Tetariya-Sedhwa-Sihorwa to Madhuwan) | 1. Bhupendra Construction, kalaiya-06, Bara<br>2. Bahudarmai/Abhi/Bhagwan JV, Bahudarmai-03, Parsa<br>3. Amit/Sumit JV, Lipanimal-03, Bara<br>4. Archana-Bikash JV<br>5. Himshrinkhala-Om-Sushim JV, Pidariguthi-9<br>6. Yadav/Suman/Nirajan JV, Karaiyamai-3, Bara<br>7. Naulo Safal & DR JV, Manthali -1, Ramechhap<br>8. Kushal/Govind/D.K. BUILDERS JV, Bhedihari | करैयामाई गाउँपालिका, करैया, बारा २०८१/०८/१९ दिनको १:०० बजे |

(नि.प्रमुख प्रशासकीय अधिकृत)



जापानमा रोजगार
कम्पनी : Kuroshio Business Cooperative Asociation
पूर्व स्वीकृति मिति : २०८१/०८/०८ | LT. No. 314033 | चलानी नं. ६०२२८५९४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | सेवा शुल्क | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Painting | 1 | 0 | 182167 | १५९,७८५ | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | ५०,००० | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव: (क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू: (क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्की आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः ५०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

नोट: वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर १९ गते (4th Dec. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | ५०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Google Overseas Pvt.Ltd
KTM-4, Dhumbarahi, Nepal, Phone No.+977-01-4565296,
E-mail : info@googleoverseas.com Website : www.googleoverseas.com
श्रम ईजाजत नं. ६३१/०६३/०६४



युएइमा रोजगार
कम्पनी : STREAM RECRUITMENT - SOLE PROPRIETORSHIP L.L.C
पूर्व स्वीकृति मिति : २०८१/०४/३० | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/११ | LT. No. 308905 | चलानी नं. ६०२२३५८२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 154 | 0 | 800 | २९,४४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर १९ गते (4th Dec. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.
Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653
Website: www.earthsmart-nepal.com Email : earthsmarthrn@gmail.com
श्रम ईजाजत नं. १०५०/०७३/०७४



**PARIBARTAN RURAL MUNICIPALITY**
**OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE**
**Putalachaur-05, Rolpa**

**Invitation for Bids**

**Date of publication: Nov. 27, 2024 (2081/08/12)**

Date of publication: Nov. 27, 2024 (2081/08/12)1. Paribartan Rural Municipality, Rolpa invites the bids only from Nepaleses elegible bidders for the construction of **Projects as mentioned below** under National Competitive Electronic Bidding procedures. Further information Email:- paribartanrmun@gmail.com, Phone no.:- 9857849002, 9857838510.

**Details of the Contract**

| S.N | Contract ID No. | Description of Works | Estimated Amount without VAT & PS (NRs) | Bid Security (NRs.) | Bid Document Price | Address |
|---|---|---|---|---|---|---|
| 1. | PRM/ROL/ W/RO/ SQ/1/2081-082 | Taran Sirgatne And Kureli Sibari Dekhi Mirul Sibari Samma Sadak Nirman Paribartan 1 | 1304936.00 | 33000.00 | 1000.00 | Ward no. 1 |
| 2. | PRM/ROL/ W/RO/ SQ/2/2081-082 | Upabang Jhankrikhola, Indrabang Likenga And Pokharadanda Jogidanda Sadak Nirman Paribartan 1 | 1527946.68 | 39000.00 | 1000.00 | Ward no. 1 |
| 3. | PRM/ROL/ W/RO/ SQ/3/2081-082 | Haibang Hudai Charchuwale Charedhunga, Muthabang Kopare Kalapokhara And Pahabang Sadak Nirman | 1436904.43 | 36000.00 | 1000.00 | Ward no. 3&4 |

**Chief Administrative Officer**

रूपशाला

### 'ऊनको स्वीटर' वैशाख २६ मा



विपिन कार्की र मिरूना मगरको शीर्ष भूमिका रहेको फिल्म 'ऊनको स्वीटर'को नयाँ वर्षको वैशाख २६ मा प्रदर्शन हुने भएको छ । निर्माण युनिटले फिल्मको एक पोष्टर सार्वजनिक गर्दै प्रदर्शन मिति बाहिर ल्याएको हो । पोस्टरमा डोको बोकिरहेका विपिनले हातमा डायरी बोकेका छन् भने मन्द मुस्कानमा रहेकी मिरुनालाई राखिएको छ । 'ऊनको स्वीटर' शीर्षकलाई ऊनको धागोले बुनिएको डिजाइनमा तयार पारिएको छ । फिल्ममा विपिन कार्की, मिरूना मगर, सुनिल पोखरेल, माओत्से गुरूङ, विल्सन विक्रम राई, प्रेम सुब्बा, एलेक्स पारस, परीक्षा लिम्बु, सुरज तमू, शारदा देवी सिलवाल, भावना खपांगी मगरलगायतको अभिनय छ ।

# बिर्तामोडमा चलचित्र तथा पर्यटन महोत्सव



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल चलचित्रकर्मी संघको कोशी प्रदेश शाखाले आयोजना गरेको 'बिर्तामोड पर्यटन तथा चलचित्र महोत्सव' सम्पन्न भएको छ । झापाको बिर्तामोड नगरपालिका-५, धर्मकाँटा रोडमा एक सातासम्म महोत्सव चलेको हो ।

तामाङ घेदुङ बिर्तामोड नगर समितिले आयोजना गरेको मेला तथा सांगीतिक कार्यक्रम भने यथावत् छ । मंसिर ३ देखि सुरु महोत्सव ९ गते सकिएको हो ।

समापन समारोहमा कोशी प्रदेशका ५ जना वरिष्ठ कलाकारलाई सम्मान गरिएको थियो । सम्मानित हुनेमा प्रेम सुब्बा, हेमन्त बुढाथोकी, विजय केरुङ, केशव रायमाझी र विपिन प्रसाईं छन् । महोत्सवमा अभियान कार्यशाला सञ्चालन गरियो । कार्यशालामा झापाका ३० जना सहभागी थिए । 'प्रेमगीत ३' र 'खजुरे ब्रो' फिल्मका कलाकार मनिष राउतले सहभागीलाई अभिनय कला सिकाएका थिए ।

महोत्सवमा कोशी प्रदेशमा निर्माण भएका र स्थानीय कलाकार समावेश ७ कथानक फिल्म स्क्रिनिङ गरियो । माङेना, वानर सेना, लिलामे माइला, नालापानी, कृष्णलीला, बिहेपास र चारदाम थिए । समापन समारोहमा यी फिल्मका निर्मातालाई कदर गरियो । आयोजक संस्थाका अध्यक्ष केवल तामाङले महोत्सवमार्फत कोशी प्रदेशका सिनेमालाई पर्यटनसँग जोडेर प्रवर्द्धन गर्न प्रयास गरिएको बताए । महोत्सवले झापा जिल्लामा फिल्म तथा पर्यटनको महत्वलाई बढाउन योगदान गरेको संघका वरिष्ठ उपाध्यक्ष सुबास मेचेले बताए । महोत्सवले प्रदेशको सांस्कृतिक एवं कलात्मक पहिचान उजागर गर्न मद्दत गरेको आयोजकले जनाएको छ ।

# 'पूर्णबहादुरको सारंगी' विरूद्ध बौद्धिक सम्पत्ति चोरीको आरोपमा उजुरी

■ प्रभाव संवाददाता




**काठमाडा–** फिल्म 'पूर्णबहादुरको सारङ्गी' विरुद्ध बौद्धिक सम्पत्ति चोरीको आरोपमा उजुरी परेको छ । 'लाज' फिल्मका लेखक अजित लामिछानेले फिल्म विरुद्ध नेपाल प्रतिलिपि अधिकार रजिस्ट्रारको कार्यालयमा क्षतिपूर्तिको मागसहित उजुरी दर्ता गरेका हुन् । फिल्ममा 'लाज'को कथासार र केही प्लट तोडमोड गरी नियतवश चोरी गरिएको उजुरीमा उल्लेख छ ।

'विगत दुई वर्ष पहिले मैले 'पूर्णबहादुरको सारङ्गी'का निर्देशक सरोज पौडेललाई 'लाज'को सम्पूर्ण कथा, पटकथा तथा संवाद सुनाएको थिएँ', लामिछानेले अगाडि लेखेका छन् ' फिल्मका निर्माण कम्पनी बाँसुरी फिल्मसका प्रबन्ध निर्देशक रामबाबु गुरुङ (फिल्म निर्देशक) लाई पनि 'लाज'माथि सहकार्य गर्ने हेतुले इमेल गरिएको थियो ।' लामिछानेले आफ्नो बौद्धिक सम्पत्ति चोरी भएकाले फिल्मका निर्देशकदेखि सम्बन्धित व्यक्तिसँग सत्यतथ्य छानबिन गरी दोषीलाई कारबाही गर्न माग समेत गरेका छन् । लामिछानेले केही अगाडि सामाजिक सञ्जालमा पनि यस विषमा एक पोस्ट गरेका थिए ।

# बालकृष्णाको 'चपुर घुम्न जाउँ...' सार्वजनिक




**रौतहट (प्रस)–** गीतकार बालकृष्ण सापकोटाको सांगितिक कोशेली 'चपुर घुम्न जाउँ...' गीतको भिडिओ सार्वजनिक भएको छ । गीतकार सापकोटाले आफ्नो गृहनगर चन्द्रपुरको ऐतिहासिक महत्व दर्शाएर गीत लेखेका हुन् ।

चन्द्रपुरको प्रचारप्रसारको लागि लेखिएको गीतमा अहिलेका चर्चित गायक रविराज शाह र गायिका मेलिना राईको स्वर रहेको छ । गीतको भिडिओको छायाँकनमा चन्द्रपुरका ऐतिहासिक सांस्कृति, धार्मिक तथा पर्यटकीय ठाउँ समावेश गरिएको छ ।

भिडिओको कन्सेप्ट पनि स्वयम गीतकार सापकोटाको हो । भिडिओको निर्देशन भने देवेन्द्र कुशवाहको हो भने गीतको कम्पोज गायक शाहको हो । यो भिडियो गीत रविराज शाह औफिसिय यूट्युब च्यानलबाट सार्वजनिक गरिएको छ ।

पुर्व पश्चिम राजमार्ग संग जोडिएको मधेस प्रदेशको रौतहट जिल्लाको उत्तरी क्षेत्रमा पर्ने चन्द्रपुरको आन्तरिक पर्यटन प्रबर्द्धन गर्ने उदेश्यले उक्त गीत निर्माण गरिएको गीतकार सापकोटाले जनाएका छन् । गीतकार सापकोटाको चपुर घुम्न जाउँ पहिलो गीत हो ।

गीतकार सापकोटाको सुन्दर शब्द, चर्चित गायक शाह र राईको सुमधुर स्वर तथा कुशवाहाको सानदार भिडियो सम्पादनमा तयार भएको यो गितलाई अहिले यूट्युब च्यानलमा छोटो समयमै भाईरल भएको छ ।

## रंगशाला

दृष्टिविहीन टी-२० विश्वकप क्रिकेट

# नेपालद्वारा दक्षिण अफ्रिका पराजित

■ प्रभाव संवाददाता



**काठमाडौं–** दृष्टिविहीन टी-२० विश्वकप क्रिकेट प्रतियोगितामा नेपालले दक्षिण अफ्रिकालाई पराजित गर्दै लगातार दोस्रो जित दर्ता गराएको छ । पाकिस्तानको लाहोरमा मंगलबार भएको खेलमा नेपालले दक्षिण अफ्रिकालाई ११ रनले पराजित गर्दै प्रतियोगितामा लगातार दोस्रो जित दर्ता गराएको हो । यसअघि सोमबार भएको खेलमा नेपालले अफगानिस्तानलाई एक सय आठ रनले पराजित गरेको थियो । यो जितसँगै नेपालको सेमिफाइनलमा पुग्ने सम्भावना बलियो बनेको छ । यस्तै त्यसअघि भएको पहिलो खेलमा भने नेपाल श्रीलङ्कासँग र दोस्रो खेलमा बङ्गलादेशसँग पराजित भएको थियो ।

नेपालले दिएको एक सय ९९ रनको लक्ष्य पछ्याएको दक्षिण अफ्रिका निर्धारित २० ओभरमा दुई विकेट गुमाउँदै एक सय ८७ रनमा समेटियो । दक्षिण अफ्रिकाका लागि ओपनर बुहले भिडलाले अविजित रहँदै शतक प्रहार गरे पनि जितका लागि त्यो अंक पर्याप्त बनेन । उनले ७१ बल खेल्दै आठ चौकासहित एक सय रनको योगदान दिए । त्यस्तै लेसिबा एफ्राइम माथापो ४६ र एडरिक तेर हारले ६ रनमा बनाए । लेसेडी लेसुफी ११ रनमा अविजित रहे ।

यसअघि पहिला ब्याटिङ गरेको नेपालले निर्धारित २० ओभरमा चार विकेट गुमाएर एक सय ९८ रनको योगफल बनाएको थियो । नेपालका ओपनर नरेश चौधरीले सर्वाधिक ८० रन बनाए । उनले ५७ बल खेल्दै चार चौका प्रहार गरे । सागर लामा ४०, पदम बडैला ३४ र भरत थापा ११ रनमा आउट हुँदा सुनिल मगर एक रनमा अविजित रहे । बलिङतर्फ दक्षिण अफ्रिकाका भिडलाले एक विकेट लिए ।

# नेपाली टोलीको बिदाइ

■ प्रभाव संवाददाता



**काठमाडौं–** एसिसी यु-१९ एसिया कपमा सहभागी हुन संयुक्त अरब इमिरेट्स (युएई) तर्फ लागेका नेपाली टोलीलाई नेपाल क्रिकेट सङ्घ (क्यान)ले मंगलबार सफलताको शुभकामना दिँदै बिदाइ गरेको छ ।

क्यानद्वारा यहाँ आयोजित एक कार्यक्रममा राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्यसचिव टङ्कलाल घिसिङ, क्यानका सचिव पारस खड्कालगायतले नेपाली टोलीलाई बिदाइ गरेका हुन् ।

एसिया कप यही मङ्सिर १४ देखि २३ गतेसम्म हुँदैछ । उक्त प्रतियोगितामा नेपाल समूह 'बी' मा छ । नेपालको समूहमा अफगानिस्तान, बङ्गलादेश र श्रीलङ्का छन् । नेपालले प्रतियोगिता उद्घाटनकै दिन श्रीलङ्कासँग खेल्नेछ । त्यस्तै नेपालले दोस्रो खेल १६ गते बङ्गलादेशसँग खेल्नेछ भने तेस्रो खेल १८ गते अफगानिस्तानसँग खेल्ने छ । टोलीको मुख्य प्रशिक्षकमा शक्ति गौचन छन् भने सहायक प्रशिक्षकमा धिरेन्द्र चन्द छन् । मुख्य प्रशिक्षक गौचनले नेपाली टोलीले प्रतियोगितामा उत्कृष्ट खेल प्रदर्शन गर्ने विश्वास व्यक्त गरे ।

नेपाली टोलीको कप्तानमा हेमन्त धामी छन् भने उपकप्तानमा अर्जुन कुमाल छन् । त्यस्तै टोलीको अन्य सदस्यमा आकाश त्रिपाठी, रञ्जित कुमार,उत्तम थापामगर, मायन यादव, नरेन साउद, युनिशविक्रम सिंह ठकुरी, सन्तोष यादव, युवराज खत्री, रोशन विश्वकर्मा, नरेन भट्ट, विपिनकुमार महतो, अपराजित पौडेल र अभिषेक तिवारी छन् ।

# सूर्य नेपाल गल्फमा तोरण शीर्षस्थानमा

**काठमाडौं (प्रस)–** सूर्य नेपाल गल्फ टुर २०२४/२५ अन्तर्गत सूर्य नेपाल सेन्ट्रल ओपनको दोस्रो दिन तोरण विक्रम शाही ५-अन्डर ६७ को उत्कृष्ट स्कोरका साथ समग्रमा १०-अन्डर १३४ सहित शीर्षस्थानमा कायमै रहन सफल भएका छन् । उनले सुनिल केसीलाई ३ स्ट्रोकले पछि पार्दै अग्रता समेत बढाएका छन् ।

सुनिल ३-अन्डर ६९ को स्कोरमा समग्रमा ७-अन्डर १३७ को नतिजा सहित दोस्रो स्थानमा छन् । नेपाल नम्बर एक प्रो भुवन नगरकोटीले २-अन्डर ७० स्कोर गर्दा समग्रमा ६-अन्डर १३८ सहित तेस्रो स्थानमा तल झरे । एमेच्योर राहुल विश्वकर्मा ३-अन्डर ६९ स्कोर गर्दै समग्रमा ५-अन्डर १३९ सहित चौथो स्थानमा उक्लिए । उनी एमेच्योरतर्फ दोस्रो दिन पनि शीर्षस्थानमा कायमै रहे ।

३-अन्डर ६९ को स्कोरमा नीरज तामाङ समग्रमा ३-अन्डर १४१ सहित पाँचौ स्थानमा छन् । एमेच्योर सद्भाव आचार्य समग्रमा १-अन्डर १४३ सहित छैटौं स्थानमा उक्लिए । उनी एमेच्योरतर्फ दोस्रो स्थानमा छन् । इभन-पार ७२ सहित समग्रमा इभन-पार १४४ को नतिजा निकालेका राजेन्द्र थापा मगर सातौं स्थानमा रहे ।


**Government of SudurPashchim Province**
**Ministry of Social Development**
**Health Directorate**
**District Hospital Darchula**

**Invitation for Electronic Bids**

**Date of publication: 2081/08/12 (November-27-2024)**
**Invitation for Bids No: DHB/G/NCB-02/2081-082**

1. The **District Hospital, Darchula** invites electronic bids from eligible bidders for the following goods under National competitive bidding – **Single Stage Two Envelope procedures** specified in public procurement Act & Regulations.

| S.N. | Contract id no | Name of the Project | Cost of bidding Documents NRS | Bid Security NRS | Last date and time of submission | Bid opening date and time |
|---|---|---|---|---|---|---|
| 1. | DHD/G/ NCB/02/2081-082 | The Procurement, Supply, Delivery and Installation of Mobile C-Arm (Fluoroscopy) Machine | 3,000/- | 2,10,000/- | 2081/09/12 12:00 PM (Dec 27, 2024) | 2081/09/12 13:00 PM (Dec 27, 2024) |

2. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (I) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 23 of the Bidding Document.
3. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of **District Hospital, Darchula** or may visit PPMO eGP system www.bolpatra.gov.np/egp.
4. Bidder shall submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document **(Nrs 3000)** in the following Rajaswa (revenue) account as specified below:

| Name of the Bank: **Rastriya Banijya Bank** | Name of Office: **District Hospital, Darchula** |
|---|---|
| Office Code no. : **3500273027** | Deposit Account no.: 4090100202030000 Provincial Treasury Unit office, Darchula |
| Rajaswa (Revenue) Shirshak no. :**14229** | Revenue Account: 1000200010000 |

5. Electronic bids must be submitted to the office **district Hospital, Darchula** through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before **12:00PM** on **2081/09/12 (Dec 27, 2024)**. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **13:00PM** on **2081/09/12 (Dec 27, 2024)** at the office of **District Hospital, Darchula**. Bids must be valid for a period of **90 days** from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of bid security mentioned in above table.
7. For more Information: Telephone: 093-420408, email: darchulahospital@gmail.com.

**Medical Superintendent**

## 'सन् २०२३ मा ८५ हजार महिला तथा बालिकाको हत्या'

**भिएन्ना–** सन् २०२३ मा विश्वभर करिब ८५ हजार महिला तथा बालिकाको हत्या भएको राष्ट्रसंघले जनाएको छ । जसमा ६० प्रतिशत हत्या साथी तथा परिवारका सदस्यहरूद्वारा गरएिको उल्लेख गरिएको छ ।

संयुक्त राष्ट्रसंघको लागुऔषध तथा अपराध कार्यालय (युएनओडिसी) र राष्ट्रसंघको महिला विभागले महिला विरुद्धको हिंसा उन्मूलनका लागि अन्तर ाष्ट्रिय दिवस मनाउन प्रकाशित गरेको प्रतिवेदनले गत वर्ष हरेक १० मिनेटमा एक महिलाको हत्या भएको पुष्टि गरेको छ ।

प्रतिवेदनका अनुसार अफ्रिकाले गत वर्ष साझेदार र परिवारसँग सम्बन्धित महिला हत्याको उच्चतम् दर रेकर्ड गरेको छ त्यसपछि अमेरिका र ओसिनिया रहेका छन् ।

प्रतिवेदनले अपराधीहरूलाई जवाफदेही बनाई अब्बल न्याय प्रणालीका लागि जीवितहरूलाई सहयोग सुनिश्चित गर्नुपर्ने बताउँदै युएनओडिसीका कार्यकारी निर्देशक घडा वलीले लैंगिक पूर्वाग्रह तथा महिलाविरुद्धको हिंसालाई अन्त्य गर्न आह्वान गरे । *रासस⁄सिन्ह्वा*

# नेटो र युक्रेनबीच नयाँ रूसी क्षेप्यास्त्र प्रहारबारे वार्ता

**सेल्स (बेल्जियम)–** युक्रेन र नेटोका ३२ सदस्य राष्ट्रका राजदूतहरूले गत हप्ता रूसले प्रयोगात्मक हाइपरसोनिक मध्यवर्ती दूरीको क्षेप्यास्त्र प्रहार गरेको विषयमा ब्रसेल्समा मंगलबार भेटवार्ता गरेका छन् । रूसले बिहीबार युक्रेनी सहर डिनिप्रोमा आक्रमण गरेको थियो जसलाई राष्ट्रपति भ्लादिमिर पुटिनले आफ्नो नयाँ ओरेसनिक मिसाइलको परीक्षण भएको बताएका थिए ।



क्रेमलिनका नेताले युक्रेनलाई रूसविरुद्ध आफ्नो हतियार प्रयोग गर्न दिने देशहरूमा सैन्य सुविधाहरूमा आक्रमण गर्न मस्कोलाई 'अधिकार' प्राप्त भएको भएको चेतावनी दिएका छन् । युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले आक्रमणलाई रूसको मूर्खता भन्दै पछिल्लो लडाइँ नयाँ खतरालाई सामना गर्न अद्यावधिक हवाई-रक्षा प्रणालीका लागि अपिल गरेका छन् ।

नेटो-युक्रेन काउन्सिलको बैठकपछि किभले 'ठोस र अर्थपूर्ण परिणामहरू' प्राप्त गर्ने आशा गरेको छ । यद्यपि नेटोका कूटनीतिज्ञ र अधिकारीहरूले मंगलबारको परामर्शबाट कुनै नतिजाको खुलासा गरेका छैनन् । मस्कोको नयाँ हतियारको तैनातीले नेटोका सहयोगीलाई युक्रेनलाई समर्थन गर्नबाट नरोक्ने वार्तका सहभागीहरूले जनाएका छन् ।

बैठकले 'युक्रेनको हालको सुरक्षा अवस्थाबारे छलफल गरी भिडियो लिंकमार्फत युक्रेनी अधिकारीहरूबाट ब्रिफिङहरू समावेश गर्ने नेटोका एक अधिकारीले बताएका छन् ।

मुख्य नेटो शक्ति संयुक्त राज्य अमेरिकामा डोनाल्ड ट्रम्प पुनः निर्वाचित भएपछि पश्चिमी समर्थनको भविष्यका बारेमा प्रश्नहरू उठिरहेको समयमा युक्रेनलाई तनाव बढेको छ । ट्रम्पले किएभका लागि वासिङ्टनको विशाल सैन्य सहायता कायम राख्नेमा शंका व्यक्त गर्दै युद्ध अन्त्य गर्न द्रुत सम्झौताको वाचा गरेका छन् ।

नेटोका वरिष्ठ कमाण्डर रोब बाउरले भने, 'म कल्पना गर्न सक्दिनँ कि पुटिनलाई विजेताका रूपमा ती सम्भावित वार्ताबाट बाहिर निस्कन अनुमति दिनु अमेरिकाको हितमा छ ।' युद्ध मैदानमा युक्रेनका थकित सैनिकहरू देशको पूर्वमा रूसी सेनाको प्रगति रोक्न संघर्ष गरिरहेका छन् । नेटो र युक्रेनले सन् २०२३ मा संयुक्त परिषद्को स्थापना गरी किएभलाई उपयुक्त देखिएमा गठबन्धनसँग बैठक बोलाउन अनुमति दिएका थिए । *रासस⁄एएफपी*

## पाकिस्तानमा भएको साम्प्रदायिक झडपमा ८८ जनाको मृत्यु

**इस्लामावाद–** पाकिस्तानको उत्तरपश्चिमी खैबर पख्तुनख्वा प्रान्तको कुर्रम जिल्लामा भएको साम्प्रदायिक झडपमा ज्यान गुमाउनेको संख्या बढेर ८८ जना पुगेको अस्पताल प्रशासनले जनाएको छ ।

गत बिहीबार पाराचिनार क्षेत्रमा शिया मुसलमान यात्रुहरू बोकेको गाडीमा आक्रमण गर्दा भएको हिंसामा ठूलो हताहत भएको थियो । यस आक्रमणले सिया र सुन्नी समुदायबीच साम्प्रदायिक हिंसाको लहर निम्त्यायो, पछिल्ला दिनहरूमा धेरै आक्रमणहरूले मृतकको संख्या अझै बढ्दै गएको छ । हाल प्रान्तीय सरकारको प्रतिनिधिमण्डलले प्रभावित जिल्लाको स्थलगत भ्रमण गरी दुवै सम्प्रदायबीच सात दिनका लागि युद्धविराम गर्ने सहमति भएको छ । *रासस⁄सिन्ह्वा*

## लेबनानसँगको युद्धविराम अस्वीकार गर्ने इजरायलसँग कुनै बहाना छैन : इयू

**फिउगी (इटाली)–** फ्रान्स र अमेरिकाको मध्यस्थतामा प्रस्तावित लेबनानसँगको युद्धविराम अस्वीकार गर्ने इजरायलसँग कुनै बहाना तथा कारण नभएको युरोपियन युनियनका विदेश नीति प्रमुख जोसेप बोरेलले मंगगलबार बताएका छन् ।



बैठकमा बोल्दै बोरेलले अमेरिका र फ्रान्सले मध्यस्थतामा टेबल गरिएको प्रस्तावमा इजरायलले मागेको सबै सुरक्षा प्रतिबद्धता समावेश रहेको जनाउँदै प्रस्ताव अस्वीकार गर्ने कुनै बहाना नभएको बताएका हुन् । उनले इजरायली सरकारका मन्त्रीहरूबाट लडाइँ जारी राख्नका लागि विष्फोट जारी राख्ने इच्छुक आवाजहरू सुनेकासमेत पत्रकारहरूलाई बताएका छन् ।

इजरायली प्रधानमन्त्री बेञ्जामिन नेतान्याहुलगायत इजरायली सरकारले युद्धविराम सम्झौतालाई अनुमोदन गर्ने आशा व्यक्त गर्दै उनले लडाइँ बन्द गरी मानिसहरूको नरसंहार अन्त्य गर्न आह्वान गरेका छन् ।

सेप्टेम्बरको अन्त्यमा लामो समयदेखि चलिरहेको शत्रुता पूर्णयुद्धमा परिणत भएपछि इजरायलले हिजबुल्लाहसँगको युद्धमा प्रस्तावित युद्धविराम स्वीकार गर्ने कि नगर्ने निर्णय गर्ने तयारी गरिरहेको जनाइएको छ । जी-७ का विदेशमन्त्रीहरूको पछिल्लो समयमा जी-७ राष्ट्रहरूको समूहको अध्यक्षता गरिरहेको इटालीले विदेशमन्त्रीहरूको बैठकको आयोजना गरी युद्धविरामको आशा जनाइरहेको छ । *रासस⁄एएफपी*

## रूसले रातारात १८८ ड्रोन प्रक्षेपण गरेको युक्रेनको भनाइ

**किएभ (युक्रेन)–** रूसले युक्रेनमा रातारात १८८ वटा ड्रोन प्रक्षेपण गरेको युक्रेनी सेनाले मंगलबार जनाएको छ । ड्रोन हमलाले युक्रेनी भवनहरू तथा 'महत्त्वपूर्ण पूर्वाधार' लाई क्षति पुर्‍याएको सेनाले जनाएको छ ।

पछिल्लो समयमा मस्को र किभले ड्रोन र मिसाइल प्रक्षेपण विस्तार गर्दै आएका छन्, युक्रेनले भर्खरै रूसमा अमेरिकी लामो दूरीका मिसाइलहरू प्रहार गरेको छ भने क्रेमलिनले प्रयोगात्मक हाइपरसोनिक मिसाइलले यसको जवाफ दिएको छ । सेनाले रूसले मानवरहित अज्ञात ड्रोनहरू प्रहार गरेको जनाउँदै ड्रोनहरू इरानी डिजाइनका रहेको उल्लेख गरेको छ ।

